# मिडियाको लोकतन्त्रीकरण




विनयकुमार कसजू

# मिडियाको लोकतन्त्रीकरण

## लोकतन्त्रका लागि मिडिया र संचारको लोकतन्त्रीकरणबारे बहस

**विनयकुमार कसजू**

संचार अधिकार केन्द्र

**मिडिया सर्भिसेज इन्टरनेसनल**

# मिडियाको लोकतन्त्रीकरण

लेखक: विनयकुमार कसजू

प्रकाशक: संचार अधिकार केन्द, मिडिया सर्भिसेज इन्टरनेसनल, काठमाडौं,

पहिलो संस्करण, २०६३ वैशाख (मे, २००६)

वेबसाइटमा: www.cmr.org.np , www.kasajoo.com

डिजाइनः ड्रिम्स एण्ड आइडियाज, ४२६०९८९, ९८५१०५२७०८

मुद्रक : इन्द्रेणी अफसेट प्रेस, अनामनगर, काठमाडौं, ४७७१४४८

मोल : रु. २५

## संचार अधिकार केन्द www.cmr.org.np

जनताको संचार अधिकार संरक्षण, संवर्द्धन गर्न, मिडियासम्बन्धी चेतना र शिक्षा फैलाउन, स्वतन्त्र, आत्मनिर्भर, विश्वसनीय र जिम्मेवार मिडियाको प्रवर्द्धन गर्न तथा द्वन्द्व समायोजन र शान्ति स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले मिडिया सर्भिसेज इन्टरनेसनलले संचार अधिकार केन्द्र वेबसाइट संचालन गरेको छ ।

यो वेबसाइटमा मानवअधिकार, संचारअधिकार, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतासंबंधी अन्तर्राष्ट्रि, तथा राष्ट्रिय महत्वका दस्तावेजहरू, न्यायालयका महत्वपूर्ण फैसलाहरू र जनमुखी संचार एवं स्वतन्त्र प्रेसका लागि उपयोगी समग्रीहरू हेर्न र डाउनलोड गर्न सकिन्छ ।

## लोकतान्त्रिक नेपालमा
# संचार शक्ति जनताको हातमा

१) रेडियो तरंग जनताको हो । हरेक समुदाय, गाउँ, गाविसले रेडियो स्टेसन संचालन गर्न पाउनुपर्छ ।

२) टेलिफोन नेपालीको अधिकार हो । टेलिफोन लाइन किन्न चाहनेले २४ घण्टाभित्र पाउनुपर्छ ।

३) रेडियो, टेलिभिजन, टेलिफोनलगायत डिजिटल रूपमा रेडियो तरंगबाट चल्ने सबै सेवा/प्रविधि देशको सबै भागमा निर्वाध रूपमा संचालन गर्नका लागि राज्यले संचार भूउपग्रह र देशव्यापी संचार संजाल उपलब्ध गराउनुपर्छ ।

४) संचार माध्यम रोज्ने जनताको अधिकार हो । यसका लागि धेरै विकल्प हुनुपर्छ । जनताले पढ्न, सुन्न वा हेर्न नचाहेका विषयवस्तु पढ्न, सुन्न हेर्न बाध्य पार्नु हुँदैन ।

५) मिडियामाथि कसैको एकाधिकार हुनुहुँदैन । सरकार, सेना (हतियारधारी शक्ति), विदेशी कम्पनी, गैरसंचार क्षेत्रमा लगानी गरेका व्यक्ति वा कम्पनीले मिडिया संचालन गर्नु हुँदैन ।

# खरो कुरा

“सूचना/ज्ञान अति द्रुत गतिले संसारकै सबैभन्दा बहुमूल्य साधन बन्दैछ। ज्ञानले सम्पत्तिको सिर्जना गर्दैछ। यसअघि भूमि/खेत/खानी, श्रम र पूंजी सम्पन्नताको आधार थियो भने अब ज्ञानले नै त्यो ठाउँ लिँदैछ। सूचनाको निर्वाध प्रवाहलाई रोक्न खोज्ने देशहरूले आफैलाई अविकसितता/अन्धकारतिर धकेल्नेछन्।” – एडवार्ड कोर्निस, भविष्यविद

“हामी सूचनाको बाढी, सूचना प्रदूषण वा सूचनाको दुरूपयोगको आलोचना त गर्छौं तर सूचनाहीनताको डरलाग्दो प्रभावबारे चिन्ता गर्दैनौं। पिछडिएका, सूचना नपाएका मानिसहरूको सोभ्कोपन र तिनीहरूको सुखको उदाहरण दिँदै अज्ञानतामा बाँच्नुको गुण गाउँछौं। यो डर लाग्दो कुरा हो। मोटो मानिसले माग्नेलाई व्रत, उपवासको महिमा सुनाएजस्तै हो यो। .....

“सूचनाको अधिकारको लडाइँमा राजनीति होइन प्रविधि अन्तिम निर्णायक हुनेछ।” – आर्थर सी. क्लार्क, संचार भविष्यद्रष्टा

अहिलेको विश्वमा राजनीति, अर्थतन्त्र, शिक्षा आदि सबै कुरालाई सूचना र ज्ञानले डोर्‍याउँछ। राजनीतिक शक्ति प्राप्त गर्न होस् कि धनवान बन्न होस् वा विद्वान् बन्न होस् सबैका लागि सूचना र ज्ञान चाहिन्छ। यसैले संचार शक्ति प्रमुख शक्तिको रूपमा विकसित हुँदैछ। मानिसका अरु अधिकारका लागि पनि सूचना र संचारको अधिकार अपरिहार्य बन्दैछ। यसैले सूचना र संचारको अधिकार अरु अधिकारभन्दा महत्वपूर्ण बनेकोछ।

मानवअधिकाको निगरानी गर्ने र त्यसबारे चेतना बढाउने अनि मानवअधिकार हनन हुँदा आवाज उठाउने संस्थाहरू नेपालमा धेरै छन्। यसको दाँजोमा जनताको संचार अधिकारको निगरानी गर्ने संस्था स्पष्ट देखिएका छैनन्। संचार अधिकार मानवअधिकारसँग छुट्याउनै नमिल्ने विषय हो तर यसबारे चासो राख्ने वा चेतना जगाउने काम संचारकर्मी र मिडिया हाउसहरूको हो भनेर मानवअधिकारवादी संस्थाहरूले वास्ता नगरेजस्तो देखिन्छ।

प्रेसले परम्परागत रूपमा खेल्दै आएको जनकल्याणकारी भूमिका र मिसन पत्रकारिता अहिले लोप हुँदै गएको छ। विकासशील देशलाई ग्लोबल मिडियाले गाँज्दै लगेको छ। मिडिया सम्पादक र संचारकर्मीको हातबाट व्यापारीको हातमा जाँदैछ। नाफामुखी पत्रकारिता फस्टाउँदैछ। मिडियामा जनहितका कुरा घट्दैछ र विज्ञापक, व्यापारी, उद्योगी र बहुराष्ट्रिय कम्पनीको हितको कुरा बढिरहेको छ। यो स्थितिमा जनताको संचार अधिकारको कुरा संचार कर्मी वा मिडिया हाउसहरूको जिम्मामा छाड्न मिल्दैन। नागरिक समाज यसबारे सचेत हुनैपर्छ।

अहिले नेपाली जनताको हातमा आफ्नो भविष्य आफैले कोर्ने अभूतपूर्व अवसर आएको छ। यो ऐतिहासिक बेलामा नेपालको लोकतन्त्रका लागि मिडियाले खेल्नु पर्ने भूमिका एकातिर छ भने अर्कोतिर मिडियालाई जनमुखी बनाउनका लागि मिडियाको लोकतन्त्रीकरण भ्कन महत्वपूर्ण विषय बनेको छ। नेपालको सामन्ती परम्परामा हुर्केको समग्र संचार प्रणालीकै लोकतन्त्रीकरण गरिनु अति आवश्यक छ।

यो पुस्तक यही आवश्यकताबोधबाट जन्मेको हो। यस विषयमा देशव्यापी रूपमा बहस, छलफल चलाउनु आवश्यक छ। यो बहसमा सम्पूर्ण सचेत नागरिकको अभिमत आहिन्छ। यसैले यो महत्वपूर्ण राष्ट्रिय बहसको रूपमा यो पुस्तकलाई अगाडि सारिएको छ। धन्यवाद।

**विनयकुमार कसजू**

# अनुरोध

मिडियाको लोकतन्त्रीकरण राष्ट्रको लोकतन्त्रीकरणको प्रक्रियामा महत्वपूर्ण र ऐतिहासिक काम हो। यो काम सम्पन्न गर्न बौद्धिक व्यक्तित्वहरू, नागरिक समाजको प्रयास आवश्यक छ। गाउँ बस्ती तथा सहरहरूमा यस विषयमा बहस चलाउनु जरुरी छ। यो पुस्तक राष्ट्रिय बहस छलफल चलाउने प्रयासको एउटा कदम हो।

यो पुस्तक लेखकको निजी प्रयास, अध्ययन, अनुभव र चिन्तनको उत्पादन हो। मिडिया, समग्रमा संचार क्षेत्रको लोकतन्त्रीकरण गर्ने र संचार शक्ति जनताको हातमा पुऱ्याउने चिन्तन र प्रयास स्वरूप यो पुस्तक तयार पारिएको हो।

यो प्रयास एक्लो व्यक्ति वा संस्थाले गरेर मात्रै संभव हुँदैन। यसलाई व्यापक बनाउने काममा सहयोग गर्नु हुन लोकतन्त्रप्रति आस्था र जनताको शक्तिमा विश्वास राख्ने सबै व्यक्ति र संस्थाहरूसँग हार्दिक अनुरोध छ। यो पुस्तकलाई www.cmr.org.np वेबसाइटमा राखिएको छ। बहसमा सहभागीहरूको विचार पनि वेबसाइटमा राखिने छ। तपाईंहरूको बिचार इमेल, फ्याक्स, हुलाक वा अन्य सजिलो माध्यमबाट पठाउनुहुन अनुरोध छ।

यो पुस्तक वेबसाइट बाट डाउनलोड गर्न सकिन्छ र इमेलबाट पीडीएफ फाइलमा प्राप्त गर्न पनि सकिन्छ। अभिव्यक्ति स्वतन्त्रता, स्वतन्त्र प्रेस तथा लोकतन्त्रको हितमा, स्रोत खोलेर वा लेखकलाई थाहा दिएर, यो पुस्तक पूरै वा आंशिक रूपमा छापा वा डिजिटल माध्यमबाट पुनः उत्पादन र वितरण गर्न सकिन्छ। तर यसमा भएको पाठ्यलाई सम्पादन वा प्रशोधन गर्नु हुँदैन। नाफा कमाउने उद्देश्यले यसको उपयोग र उत्पादन गर्न सकिँदैन। धन्यवाद।

**प्रकाशक**

**सम्पर्क**
इमेल : msi@mail.com.np , vinaya@wlink.com.np
फ्याक्स : 4256563, 4671241
पोष्टबक्स : 3094 काठमाडौं।

# मिडियामा लोकतन्त्र किन ?

## लोकतन्त्रका लागि मिडिया

लोकतन्त्र (डेमोक्रेसी) जनताको मत, विचार, भोटबाट चल्छ । जनमत सही भएन भने वा जनताको आवाज सही र खुला रूपले अभिव्यक्त भएन भने लोकतन्त्र मासिन्छ । जनतालाई सुसूचित र शिक्षित बनाएर सही जनमत बनाउने र जनताको मत निर्वाध रूपमा अभिव्यक्त गर्ने काम मिडियाले गर्छ । यसैले लोकतन्त्रका लागि स्वतन्त्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अपरिहार्य हुन्छ । साथै जनताको पहुँच सीमित मिडियामा नभएर असीमित वा बहुल मिडियामा हुनुपर्छ ।

## स्वतन्त्र मिडियाका लागि लोकतन्त्र

जनताले आफूले चाहेको विचार राख्न, आफूले रोजेको माध्यमबाट विचार अभिव्यक्त गर्न अभिव्यक्ति स्वतन्त्रता र स्वतन्त्र मिडिया (आमसंचारका माध्यमहरू: अखबार, रेडियो, टीभी आदि) को आवश्यकता हुन्छ । अभिव्यक्ति स्वतन्त्रताको हक र स्वतन्त्र मिडिया लोकतान्त्रिक व्यवस्थामा मात्र संभव हुन्छ ।

कुनै देशको मिडिया कति स्वतन्त्र छ भन्ने आधारमा नै त्यो देश कति लोकतान्त्रिक छ भनी बुझिन्छ । यसैले स्वतन्त्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्र एउटै सिक्काका दुई पाटा हुन् । एउटाको अभावमा अर्कोको अस्तित्व संभव छैन ।

## स्वतन्त्र मिडिया भनेको के हो ?

मिडियाको स्वतन्त्रताभित्र मुख्य दुइटा कुरा पर्छन् : वैचारिक वा इडिटोरियल स्वतन्त्रता र आर्थिक स्वतन्त्रता । अर्काको मानो खाएर बाँच्ने मिडिया स्वतन्त्र हुनसक्तैन यसैले स्वतन्त्रताको अर्थ आर्थिक रूपले आत्मनिर्भरता (इन्डिपेन्डेन्ट) पनि हो ।

वैचारिक स्वतन्त्रमाथि सरकार, सत्ता वा राजनीति शक्ति केन्द्रहरूले मात्रै अंकुश लगाउँदैन । अहिलेको बजारनिर्भर समाजमा वास्तविक अंकुश आर्थिक शक्ति केन्द्रहरूले लगाउँछन् ।

ग्लोबल मिडिया, विदेशी लगानी, दाताहरूको सहयोग आदिले पनि मिडियाको स्वतन्त्रलाई नियन्त्रण गर्नसक्छ । यसैले स्वतन्त्र मिडिया उपभोक्ताहरूको पहुँच भएको र उनीहरूले धान्नसक्ने हुनुपर्छ ।



## मिडियाको स्वतन्त्रतालाई प्रभाव गर्ने तत्वहरू :

१) मिडियाको स्वामित्व, नियन्त्रण र संचालन प्रमुख तत्व हो ।

२) नीति, ऐन, कानुनले मिडियाको स्वतन्त्रतालाई नियन्त्रण मात्रै गर्दैन यसले बहुलवादी मिडियालाई हुर्काउन, मिडियाको एकाधिकारवादी र नाफामुखी प्रवृत्तिलाई घटाउन पनि सघाउँछ ।

३) आर्थिक विकास, बजार, विज्ञापन, उपभोक्ताहरूको हैसियतले पनि मिडियाको स्वतन्त्रलाई निर्धारित गर्छ ।

४) जनताको मिडियामा पहुँच, मिडिया उपभोग गर्ने र मिडियालाई आफ्नो हितमा उपयोग गर्ने गराउने क्षमताले मिडियाको स्वतन्त्रतालाई प्रभावित पार्छ ।

५) विषयवस्तु (कन्टेन्ट) बिना कुनै पनि मिडिया निरर्थक हुन्छ । मिडियाको उपयोगिता त्यसले प्रस्तुत गर्ने कन्टेन्टको उद्देश्य र गुणस्तरमा भर पर्छ । अडियन्सको सरोकारको, अडियन्सलाई हित गर्ने कन्टेन्ट भएन भने जनताका लागि मिडिया स्वतन्त्रताको कुनै अर्थ हुँदैन । रोग, भोक र अशिक्षाले ग्रस्त गाउँमा स्टार टेलिभिजनबाट हलिउडको फिल्म हेरेजस्तै हुन्छ ।

## सूचना/मिडियामा जनताको पहुँचको अर्थ र महत्व

१) तानाशाही देशहरूमा पनि जनताले आफ्नो विचार अभिव्यक्ति गरेका हुन्छन् तर त्यस्तो व्यवस्थामा अभिव्यक्त विचारहरू कसैको 'जय होस्', 'प्राणभन्दा प्यारो छ' जस्ता कसैले जनताको मुखबाट भनाएको, विचारै नगरी बोलिएको, अन्धधार्मिक, अन्धराष्ट्रवादी, अतिवादी, अधिनायकवादी चरित्र र उद्देश्य बोकेका हुन्छन् ।

सही विचार बनाउनका लागि सही सूचना पाउनु आवश्यक हुन्छ । अज्ञानतामा वा पूर्वाग्रहवश निर्णय गर्नबाट जोगिनका लागि जनता सुसूचित नभई हुँदैन । यसैले कुनै पनि लोकतान्त्रिक देशमा सूचना पाउने र कुनै पनि संचार माध्यमद्वारा विचार, मत व्यक्त गर्ने जनताको अधिकार सुनिश्चित गरिएको हुन्छ ।

२) जनताले चुनेर पठाएका प्रतिनिधिहरूले जुन कामका लागि उनीहरू चुनिएका हुन् त्यो काम गरे कि गरेनन् भन्ने सुनिश्चित गर्नका लागि सूचनामा जनताको पहुँच हुनुपर्छ ।

३) स्वतन्त्र मिडियाले व्यक्ति, निकाय, सरकार, जनप्रतिनिधि तथा न्यायपालिकाले गरेको कामको निगरानी गर्छ । कसैले पनि अनियमित, अन्याय, गैरकानुनी, असंवैधानिक काम गर्‍यो भने स्वतन्त्र मिडियाले औंलो ठड्याउँछ ।

४) लोकतान्त्रिक व्यवस्थामा सरकार, संसद र अदालतलगायत सबै सार्वजनिक कार्यालयहरूका बाथरुम बाहेक सबै ठाउँ खुला हुन्छन् । ती सबैको काम पारदर्शी हुन्छ । मिडियाले जनताको लागि पारदर्शिताको भूमिका खेल्छ ।

## मिडियाको लोकतन्त्रीकरण किन ?

मिडियाका माथि उल्लिखित भूमिकाका कारणले कतिपय अवस्थामा मिडिया राज्यका तीन अंग – सरकार, संसद र अदालत – भन्दा पनि माथि देखिन्छ। यसैले मिडियाका संचालक, मिडिया मालिक, व्यक्ति, संस्था र पत्रकारहरूमा पनि बेलाबेलामा आफ्नो महानता (सुप्रिमेसी) को भ्रम पैदा हुन्छ।

सयौं वर्ष पराधीन, उपनिवेश भएर स्वतन्त्र भएका वा हजारौं वर्षसम्म सामन्ती परम्परामा हुर्केको समाजभित्रका प्रायः सबैमा देखिने उपनिवेशी र सामन्ती, ताबेदारी प्रवृत्ति र व्यवहार मिडियामा पनि देखिन्छ। लोकतन्त्रका लागि मिडियाको यति महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि मिडिया आफै एकाधिकारवादी तथा अलोकतान्त्रिक बन्ने संभावना हुन्छ।

ग्लोबलाइजेसन, विश्व बजारको उदारीकरण, सूचना तथा संचार प्रविधिमा अभूतपूर्व विकास, ग्लोबल मिडिया, स्याटेलाइट टेलिभिजन, डिजिटल रेडियो तथा इन्टरनेट आदि विविध कारणले गर्दा मिडियाको सेवामुखी चरित्र फेरिएर नाफामुखी बन्दै गइरहेको छ।

पहिले मिडिया चलाउन उद्योगी र व्यवसायीको आवश्यता हुन्थ्यो भने अब उद्योगी र व्यवसायीलाई आफ्नो बजार र नाफा बढाउनका लागि मिडिया नभई हुँदैन। फलस्वरूप विश्वका उल्लेखनीय तथा प्रभावकारी मिडिया कम्पनीहरू उद्योगी, व्यापारी, बहुराष्ट्रिय कम्पनीहरूको हातमा जाँदैछन्।

मिडिया उद्योग हो। तर यो बिस्कुट वा चाउचाउ उद्योग जस्तो होइन। मिडियाले मानिसको चेतना, चिन्तन र व्यवहारमा प्रभाव पार्छ। यसैले मिडियालाई कसरी जनताको हितमा लगाउने भन्ने हाँक अहिलेको विश्वकै लागि ठूलो हाँक बनेको छ।

नेपाल पनि यी समस्याहरूबाट अछुतो छैन। यसैले राष्ट्र लोकतन्त्रतिर अघि बढिरहेको यो महत्वपूर्ण ऐतिहासिक बेलामा मिडियाको लोकतन्त्रीकण हाम्रो लागि अत्यन्तै महत्वपूर्ण विषय हो।

## मिडिया पनि अलोकतान्त्रिक बन्न सक्छ ?

सामन्तबादको विरुद्ध र लोकतन्त्रका लागि वर्षौंसम्म संघर्ष गर्ने नेताहरूमा पनि बेलाबेलामा सामन्ती प्रवृत्ति देखिन्छ। सामन्तवाद भनेको दरबारमा मात्रै बस्दैन। यो दिमाग र स्वभावमा बस्छ। मिडिया मालिक, व्यक्ति र संस्था, तथा संचारकर्मीहरूमा पनि यो प्रवृत्ति बेलाबेलामा देखिन्छ। सम्पादकको बोका मर्दा समाचार बनेको तर कसैको घरखेत पहिरोले लैजाँदा समाचार नबनेका कैयौं उदाहरणहरू छन्। पैसा तिर्न सक्नेको कुकुर हराए पनि रेडियोले फुक्छ तर विपन्न किसानको एकमात्र सहारा भैंसी हराएको समाचार गाउँकै रेडियोले नफुक्न सक्छ।



विज्ञापनमा बाँच्ने र नाफामा रमाउने मिडियाले विज्ञापनदाताहरूलाई दुहुना गाई ठानेका हुन्छन्। यसैले विज्ञापनदाताहरूको बदमासी मिडियामा नआउनसक्छ। यस्ता कतिपय उदाहरण छन्।

नेपालमा धेरै वर्षसम्म मिसन पत्रकारिताको नाममा राजनीतिक र पार्टी पत्रकारिता चल्यो। २०४६ सालको परिवर्तनपछि व्यावसायिक पत्रकारिताको नारा घन्क्यो। तर व्यावसायिकताको नाममा प्रोफेसनालिजमको सट्टा बिजनेस हाबी भयो। विभिन्न समाजको अनुभवबाट पनि के स्पष्ट भएको छ भने नाफामुखी पत्रकारिताको दाँजोमा राजनीतिमुखी पत्रकारिता धेरै जिम्मेवार हुन्छ। किनकि राजनीति गर्नेहरू चाहे पत्रकार हुन् वा जनप्रतिनिधि, उनीहरू जनताप्रति उत्तरदायी हुन्छन्। मिडिया को प्रति उत्तरदायी हुन्छ ? पाठक/श्रोता/दर्शकप्रति ? वा विज्ञापनदाताप्रति ?

## मिडियाको लोकतन्त्रीकरण भएन भने के हुन्छ ?

मानवअधिकारको विश्व घोषणाको धारा १९ मा भनिएको छ :

"प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जस अन्तर्गत प्रत्येक व्यक्तिलाई बिना कुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफुले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा सीमा वा माध्यमको बन्देजबिना प्रचार प्रसार गर्ने स्वतन्त्रता हुनेछ।"

मानिसका विभिन्न आधारभूत अधिकार जस्तै संचार र सूचनाको अधिकार पनि मानवअधिकार भित्र पर्छ। सूचना, ज्ञान र त्यसलाई प्राप्त गर्ने र फैलाउने अधिकार मात्रै भएर पुग्दैन। त्यसको लागि माध्यम नभई हुँदैन। यसैले माथि उल्लेख गरिएको धारामा माध्यमको स्वतन्त्रताबारे पनि स्पष्ट गरिएको छ। माध्यम वा मिडिया भएन भने मानिस बाँच्न र जीवनस्तर उकास्न, सम्मानित जीवन जिउन सक्तैन। सारमा संचार अधिकारबिना मानिसले लोकतान्त्रिक अधिकार उपभोग गर्न र विकास गर्न सक्तैन। यसैले संचार अधिकार भनेको संचार माध्यममाथिको अधिकार पनि हो। यसै कारण मिडियाको लोकतन्त्रीकरण आवश्यक भएको हो।

## दोस्रो जनआन्दोलनमा मिडियाको भूमिका

निरंकुश पंचायती व्यवस्था तीस वर्ष टिक्यो भने निरंकुश शाही सत्ता १५ महिना पनि टिक्न सकेन। माओवादी आन्दोलनले दश वर्षसम्म लडेर झण्डै तेह्र हजार मानिसले ज्यान गुमाएर पनि प्राप्त गर्न नसकेको कुरा १९ दिनको अहिंसक जनआन्दोलन र २१ जनाको सहादतबाट प्राप्त गर्‍यो। यसरी लाखौं जनतालाई आफ्नो अधिकारका लागि गाउँगाउँबाट, सहर र राजधानीमा उत्रन प्रेरित गर्ने एउटा प्रमुख कारक तत्व बाह्र वर्षमा फस्टाएको मिडिया हो भन्ने स्पष्ट छ।

पहिलो जनआन्दोलनपछि नेपालमा छापा, रेडियो र टेलिभिजन निक्कै फस्टायो । तीमध्ये पनि स्वतन्त्र रेडियोको विकास अभूतपूर्व र दक्षिण एशियामा नै उदाहरणीय रह्यो । रेडियोले गर्दा नै गाउँका जनता राजनीतिक अधिकार, मानवअधिकार, विकासलगायत विषयबारे सूचित र शिक्षित भए । दोस्रो जनआन्दोलनमा भएको लाखौँ जनताको शान्तिपूर्ण सहभागिताले आमजनता कत्तिको राजनीतिक रूपले शिक्षित र आफ्नो अधिकारका लागि जागरुक भइसकेका रहेछन् भन्ने स्पष्ट भयो ।

## जनआन्दोलनपछिको भूमिका

जनआन्दोलनपछि नेपालीहरू सिद्धान्ततः यो देशको मालिक भएका छन् । यो देशको शासन व्यवस्था कसरी चलाउने भन्ने निर्णय गर्ने जिम्मा अब नेपालीले नै लिएका छन् । यसकारण अब नेपाली जनताको अगाडि ठूलो जिम्मेवारी आइलागेको छ । यो जिम्मेवारी पूरा गर्न मिडियाको भूमिका धेरै महत्वपूर्ण छ । राष्ट्रको लोकतन्त्रीकरणका लागि मिडियाले ऐतिहासिक भूमिका खेल्नुपर्ने छ ।

## लोकतन्त्र स्थापनापछिको भूमिका

लोकतन्त्रको स्थापना पछि पनि लोकतन्त्रलाई दिगो बनाउन र भविष्यमा तानाशाह जन्मन नदिनका लागि पनि मिडियाले महत्वपूर्ण भूमिका खेल्नुपर्ने छ । यो भावी भूमिका खेल्नका लागि मिडियालाई मात्रै होइन सम्पूर्ण संचार क्षेत्रलाई नै लोकतन्त्रीकरण गर्नु आवश्यक छ ।

## संविधान सभाको निर्वाचनको चरणमा मिडियाको भूमिका

संविधान सभा अहिले अन्धाको अगाडि हात्तीजस्तो भएको छ । यसको स्वरूप र गठन गर्ने विधि र प्रक्रियाबारे निधो गर्न बाकी नै छ । यस बेला मिडियाको पहिलो काम संविधान सभा के हो र यसले के गर्छ भन्ने विषयमा व्यापक रूपमा जनतालाई शिक्षित र सचेत पार्नु हो ।

संविधान सभाको स्वरूप र विधि तय गर्ने क्रममा प्रतिगामी तथा विभिन्न शक्ति केन्द्र र क्षुद्र स्वार्थ वर्गहरूबाट आइलाग्नसक्ने बाधा व्यवधानहरूबारे पनि मिडियाले जनता र सरकारलाई सचेत पार्नैपर्छ ।

हिंसामा हुर्केको शक्तिलाई शान्तिपूर्ण संक्रमण र संविधान सभा र संविधान तर्जुमा गर्ने काममा शान्ति र लोकतान्त्रिक विधिमा लाग्न प्रेरित र वाध्य पार्ने काममा पनि मिडियाको महत्वपूर्ण भूमिका हुनुपर्छ ।



संविधान सभामार्फत लोकतान्त्रिक नेपालको निर्माण गर्ने कुरामा प्रायः सबैको सहमति भए पनि लोकतन्त्रको बारेमा दलहरूको बिचार बेग्लाबेग्लै देखिन्छ । कस्तो लोकतन्त्र भन्ने विषयमा विचार मिलेन भने संविधान सभामा किचलो मात्रै हुन्छ । यसैले लोकतन्त्रलाई सही रूपमा बुझ्नु बुझाउनु आवश्यक छ । यसमा स्वतन्त्र मिडियाको भूमिका महत्वपूर्ण हुन्छ । कुनै राजनीति दलसँग बाँधिएको मिडियाले भन्दा स्वतन्त्र मिडियाले यो काम राम्ररी गर्नसक्छ ।

## राष्ट्रको लोकतन्त्रीकरण सँगै मिडियाको लोकतन्त्रीकरण

कुनै पनि पराधीन वा निरंकुश शासन व्यवस्था भएको देश एकैचोटि फाल हालेर लोकतान्त्रिक व्यवस्थामा पुग्दैन । त्यसका लागि विभिन्न चरणहरू पार गर्नुपर्ने हुन्छ । सामन्ती व्यवस्था भएको देश एउटा घोषणा हुँदैमा रातारात लोकतान्त्रिक व्यवस्थामा फेरिनसक्तैन । यसको लागि राजनीतिक दलका मात्रै होइन नागरिक समाज र आमजनताकै चनाखो प्रयास आवश्यक हुन्छ । यसमा नेतादेखि जनतासम्म सबैलाई सचेत पार्नेदेखि सडकमा उतार्ने सम्मको काममा मिडियाको भूमिका अग्रपंक्तिमा हुन्छ ।

राष्ट्रको लोकतन्त्रीकरणका विविध चरणमा मिडियाको भूमिका पनि फरकफरक हुन्छ । पंचायतकालमा देशमा लोकतन्त्र ल्याउनका लागि मिडियाले खेलेको भूमिका २०४६ सालपछि फेरियो । भूमिका फेर्न नसक्ने मिडिया बिलाएर गए । नयाँ खालका मिडिया आए ।

वाह्र वर्षको प्रजातान्त्रिक कालमा नेपालको मिडियाले अभूतपूर्व विकास गर्‍यो । मिडियाको लोकतन्त्रीकरण यही अवधिमा सुरु भएको हो । खास गरी गैरसरकारी क्षेत्रका एफएम रेडियोहरूले जनतालाई आफ्नो अधिकारबारे सूचित, शिक्षित र सचेत पार्ने काममा अभूतपूर्व भूमिका खेल्यो । जसले गर्दा निरंकुश शाही सरकारले रेडियोलाई बन्द गर्न कम्मर कसेर लाग्यो ।

शाही सरकारको कहाली लाग्दो कालमा नेपाली मिडियाको स्वतन्त्रता हरण भयो । त्यो कालखण्डमा मिडियाले भोग्नु परेको व्यथा र त्यसका विरुद्ध संचारकर्मीहरूले गरेको संघर्ष अब विश्वकै लागि उदाहरणीय इतिहास बनिसकेको छ ।

राष्ट्रको लोकतन्त्रीकरणको दिशामा अब अर्को चरण सुरु भइसकेको छ । संविधान सभामार्फत लोकतान्त्रिक नेपालको बाटो बनाउने तय भइसकेको छ । यसको लागि माओवादी लगायत सबै राजनीतिक दलहरू सहमत भइसकेका छन् ।

## लोकतन्त्र के हो ?

लोकतन्त्रमा जनतासँग भेला हुने, सूचना पाउने, विचार पोख्ने, चाहेको ठाउँमा आवतजावत गर्नेजस्ता मौलिक अधिकार हुन्छन् । यी अधिकारहरू उपयोग गर्दै जनताले राजनीतिक,

धार्मिकलगायत विभिन्न विचार राख्न, आफ्नो कुरा भन्न, सुनाउन, आफूले चाहेको व्यक्ति वा राजनीतिक दललाई वारेस बनाउन, भोट हाल्न, त्यस्ता वारेसबाट देशको कानुन बनाउन, शासन गर्नसक्छन् । देशमा उपलब्ध स्रोत साधन र अवसरको उपयोग गर्न सक्छन् । आर्थिक, सामाजिक, राजनीतिक प्रतिस्पर्धाहरूमा भाग लिनसक्छन् ।

लोकतान्त्रिक मुलुकमा निश्चित अवधिमा चुनाव हुन्छ । शान्तिपूर्ण विधिबाट, जनताको अभिमतबाट सरकार फेरिन्छ । निष्पक्ष र स्वतन्त्र चुनावबाट सरकारको गठन र परिवर्तन हुन्छ ।

लोकतान्त्रिक देशमा कुनै पनि व्यक्ति वा राजनीतिक दलले पुर्खाको नाममा वा पैसा वा हतियारको बलले शासन गर्दैन । शासन गर्ने अधिकार जनताको मतबाट तथा समानस्तरका राजनीतिक दलसँग अहिंसक प्रतिस्पर्धा गरेर प्राप्त हुन्छ ।

लोकतान्त्रिक व्यवस्थामा बहुमतको एकाधिकार हुँदैन अल्पमतको कदर हुन्छ । सबै भाषा, धर्म, जातजाति, लिंग वर्ण आदिको राष्ट्र संचालनमा समानुपातिक प्रतिनिधित्व हुन्छ । राष्ट्रको स्रोत साधन र अवसरमा सबैको अधिकार हुन्छ ।

## लोकतन्त्रीकरणको अवस्थामा पुग्नका लागि मिडियाको कस्तो भूमिका हुन्छ ?

सरकार, व्यापारिक संस्था, वा कुनै पनि प्रकारको शक्ति केन्द्रको प्रभावबाट मुक्त मिडियाले मात्रै लोकतन्त्रीकरणको प्रक्रियालाई बढी प्रभावकारी ढंगले योगदान दिनसक्छ ।

स्वतन्त्र र आत्मनिर्भर मिडियाले लोकतन्त्रको उद्देश्य हासिल गर्न, आर्थिक उन्नति गर्न, विभिन्न भाषाभाषी, धर्म, जातजातिमा विभक्त समाजबीच समझदारी र सुसम्बन्ध कायम गराउन तथा मानव विकासको गतिलाई तीव्र पार्नसक्छ ।

स्वतन्त्र र आत्मनिर्भर मिडियाले व्यक्ति तथा समुदायलाई आफ्नो गुनासो, बिचार, धारणा, विश्वास, समस्या अर्को व्यक्ति, समुदाय, सरकार, समाज र सरोकारवाला पक्षसमक्ष राख्ने मंच उपलब्ध गराउँछ । निमुखाहरूलाई बाणी दिन्छ ।

स्वतन्त्र र आत्मनिर्भर मिडियाले अरुको विचार, धारणा र दृष्टिकोणबाट मानिसलाई सुसूचित, शिक्षित बनाउँछ र उसको जीवन समृद्ध बनाउन सघाउँछ ।

स्वतन्त्र र आत्मनिर्भर मिडियाले समाजमा खुला बहस, छलफल, संवाद चलाएर समाजभित्रका असमझदारी, विकृति हटाउन र द्वन्द्व समाधान गर्न मदत गर्छ ।

निरंकुश व्यवस्थाबाट लोकतन्त्रतिर लागेको नेपालको अहिलेको संक्रमणकालीन अवस्थामा मिडियाको भूमिका अन्त्यन्तै महत्वपूर्ण छ ।



पुरानो सत्ताका दुर्गुणहरू जनताको सामु राखेर तथा प्रतिगमनकारी शक्तिहरूको पुनरागमनको प्रयासलाई भण्डाफोर गरेर लोकतन्त्रीकरण प्रक्रियामा मिडियाले ठोस योगदान दिनसक्छ ।

संक्रमणका हरेक गतिविधिहरूलाई जनताको सामु पुर्‍याएर त्यसमा जनताको अभिमत र स्वीकृति लिन सजिलो पार्ने काम मिडियाले गर्नसक्छ । यसरी भविष्यमा हुने जनमत वा निर्वाचनलाई सजिलो बनाइदिन सक्छ ।

विभिन्न देशमा भएका परिवर्तनका उदाहरणहरू प्रस्तुत गरेर परिवर्तनलाई सहज तुल्याउन र त्यसमा जनताको सहमति दिलाउन मिडियाले महत्वपूर्ण भूमिका खेल्नसक्छ ।

सैकडौं वर्षसम्म सामन्ती व्यवस्थामा हुर्केको समाजलाई लोकतन्त्रको बारेमा बुझ्न र लोकतान्त्रिक व्यवहार गर्न गाह्रो हुन्छ । मिडियाले जनतालाई लोकतन्त्रको शिक्षा दिएर तथा लोकतन्त्र अनुरूप विचार, बोली र व्यवहार गर्न सिकाउनसक्छ ।

नयाँ सत्ताको आगमनलाई सहज रूपमा लिन र पूरानो सत्ताको मोह र भ्रमबाट मुक्तहुन मिडियाले भूमिका खेल्नसक्छ ।

आफूलाई मन नपरेको, चित्त नबुझेको कुरा धैर्यसँग सुन्ने सुनाउने, हिंसाको सट्टा तर्क, छलफलबाट समस्या समाधान गर्ने लोकतान्त्रिक मूल्य र मान्यतालाई समाजमा फैलाउन मिडियाले महत्वपूर्ण काम गर्नसक्छ ।

राजनीतिज्ञ, कानुन व्यवसायी तथा बुद्धिजीवीहरूका शास्त्रीय व्याख्या, भनाइ र तर्कहरूलाई सरल भाषामा सामान्य जनतालाई बुझाएर मिडियाले दोभाषे र शिक्षकको भूमिका खेल्नसक्छ ।

## मिडियाले लोकतन्त्रीकरणलाई बाधा पार्ने भूमिका खेल्नसक्छ ?

किन नसक्नु ? विभिन्न देशमा यस्तो उल्टो काम गरेको उदाहरण पाइन्छ । राजनीतिक स्वार्थ, विदेशी स्वार्थ र नाफाको स्वार्थमा लागेका मिडियाले परिवर्तनकारी शक्तिहरूलाई लडाएर, उनीहरूको बीचमा फाटो पारेर लोकतन्त्रीकरण प्रक्रियालाई नकारात्मक प्रभाव पार्नसक्छ ।

लडाइँ, झगडा, हत्या, हिंसा, बलात्कार, द्वन्द्वका समाचार नै सबैभन्दा बढी बिक्ने समाचार हो भन्ने मान्यताअनुसार चल्ने, खास गरी पश्चिमी मिडियाको चरित्र हो ।  खराब समाचार नै असल समाचार हो भन्ने उनीहरूको भनाइ छ । यसैले आफ्नो स्वार्थका लागि पनि मिडियाले नेता नेताबीच, पार्टी पार्टीबीच झगडा गराउने काम गरिरहेका हुन्छन् ।

१२ वर्षे प्रजातान्त्रिक कालमा नेपाली मिडियाले जानी नजानी प्रजातन्त्रप्रति वितृष्णा फैलाउने र विकल्प खोज्ने वातावरण बनाउन सघाएको आरोप कहिले काहीँ लगाइन्छ । खास गरी

प्रतिगमनकारी शक्तिको आड भारोसा र लगानीमा चल्ने मिडियाबाट र पछि शाही शासनकालमा चलेका सरकारी मिडियाबाट यस्तो काम उल्लेखनीय रूपमा भएका छन् । स्वतन्त्र र आत्मनिर्भर मिडियाबाट यस्तो गल्ती हुने सम्भावना कमै हुन्छ । यस विषयमा विधिवत अनुसन्धान हुनु बाकी नै छ। तैपनि यस्तो प्रवृत्तिले नेपालको लोकतन्त्रीकरणको प्रक्रियालाई नखल्बल्याओस् भन्ने कुरामा सबै जना सचेत हुनैपर्छ ।

## मिडियाको संक्रमणकालीन भूमिका सजिलो छ ?

नेपाललाई अहिलेको लोकतान्त्रिक संक्रमणको प्रस्थान बिन्दुमा पुर्‍याउनका लागि विभिन्न राजनीतिक निर्णयहरू र मिडियालगायत विभिन्न वर्ग र क्षेत्रका नागरिक समाजको भूमिका स्पष्टै छ । सात राजनीतिक दलहरूबीच छ बुँदे सहमति, सात राजनीतिक दलहरू र माओवादीबीच बाह्रबुँदे सहमति, १९ दिनसम्म अभूतपूर्व शान्तिपूर्ण जनआनदोलन, २१ जनाको सहादत, वैशाख ११ गतेको शाही घोषणा, प्रतिनिधिसभाको पुनर्स्थापना, नयाँ सरकार द्वारा युद्ध विराम र वार्ताका लागि आह्वान, माओवादीबाट सरकारी आह्वानको स्वागत आदि विभिन्न चरण हुँदै आजको अवस्था आएको हो । तर आगामी दिनमा गर्नु पर्ने कामहरू त्यति सजिलो छैन ।

द्वन्द्वका प्रमुख तीन पक्ष (स्टेक होल्डरहरू) को शक्ति सन्तुलन र भूमिका फेरिएको छ । तर उनीहरूको उद्देश्य, एजेण्डा, काम गर्ने तरीका फेरिएको छैन ।

संक्रमण कालमा शक्ति सन्तुलन खल्बलिएको हुन्छ । यस्तो बेलामा सानोतिनो शंका, हल्ला, आक्षेपले पनि आक्रोश, भय, हिंसा उत्पन्न गर्नसक्छ । समाजका विभिन्न शक्ति, वर्ग, समुदायलाई सन्तुलित र संयमित बनाउन र हिंसक स्थितिबाट जोगाउने काममा स्वतन्त्र मिडियाको महत्वपूर्ण भूमिका हुन्छ ।

विगतमा तीन वटै पक्षबाट मिडिया पीडित भएकै हो । सर्वसत्तावादी चरित्र बोकेका शक्तिहरूले मात्रै होइन प्रजातान्त्रिक शक्तिहरूले पनि सत्तामा छँदा जनमुखी र स्वतन्त्र संचार माथि प्रहार नगरेका होइनन् । उनीहरूको त्यो चरित्र रातारात बिलाउने कुरा होइन ।

स्वतन्त्र र आत्मनिर्भर मिडियालाई माओवादीहरूले कसरी ग्रहण गर्छन् भन्ने खुल्दुली र आशंका धेरैको मनमा अझै पनि छ ।

कतिपय मिडिया स्वयंको संकुचित स्वार्थ, विचार र व्यवहारले पनि लोकतन्त्रीकरणलाई सघाउन नसक्ने अवस्था आउनसक्छ ।

अहिलेसम्मको स्थितिमा परिवर्तनकारी शक्तिहरू सकारात्मक देखिएता पनि यही स्थिति भविष्यमा नरहनसक्छ । यसैले लोकतन्त्रको यात्रामा मिडियाको भूमिका महत्वपूर्ण छ तर बाधा रहित छैन । सारमा, नेपालमा संविधान सभाको निर्वाचन गराउन, संविधान बनाउन



र लोकतन्त्रको बाटोमा सहज रूपमा देशलाई अग्रसर गराउने काममा नेपाली मिडियाको आगाडि ठूलो जिम्मेवारी आइपरेको छ । प्रतिगामी शक्तिलाई परास्त गर्न मिडियाले हालै खेलेको भूमिकालाई हेरेर आगामी जिम्मेवारी सफलतासाथ पूरा गर्छ भन्ने कुरामा सचेत वर्ग आशावादी छन् ।

## लोकतन्त्रमा जनताको संचार अधिकार

जनताको संचार अधिकार घोषणापत्रको प्रस्तावनामा जनताका संचार अधिकारका बारेमा यस्तो लेखिएको छ :

> सबै मानिस र मानव समुदायको लागि संचार नभइनहुने कुरा हो । संचारमा भाग लिने, समाजभित्र र समाजहरूबीच कस्तो र के संचार गर्ने भन्ने निर्णय गर्ने अधिकार सबैसँग छ । तर, विश्वका बहुसंख्यक मानिसहरू बाँच्न र संचार गर्नका लागि नभइनहुने न्यूनतम प्राविधिक स्रोतसाधनबाट बंचित छन् । संसारका आधाभन्दा धेरै मानिसले जीवनमा कहिल्यै टेलिफोनको उपयोग गरेका छैनन् । आमसंचार माध्यमहरू (मिडिया) को व्यापारीकरण भयो र मिडियाको स्वामित्व थोरै मानिस वा संस्थाको हातमा सीमित भयो भने मिडियाले जनहितको पक्षमा काम गर्नसक्तैन । यसले गर्दा लोकतन्त्रका लागि चाहिने विचारको बहुलता, सांस्कृतिक अभिव्यक्तिको विविधता र भाषिक विविधतालगायत जनताका सांस्कृतिक तथा सूचना र ज्ञानका आवश्यकताहरू मिडियाले पूरा गर्न गराउनसक्तैन । मिडियामा ठूलो मात्रामा तथा व्यापक रूपमा बाहिरी स्वार्थको हस्तक्षेप भयो भने समाजमा गुटबन्दी/ध्रुवीकरण हुन्छ, द्वन्द्वलाई झन चर्काउँछ र मानिसमा डर र अविश्वास हुर्काउँछ जसले गर्दा मानिसहरू झन खतरामा पर्छन् र परनिर्भरता बढ्छ । महिला, दलित, जनजाति, वृद्धवृद्धाजस्ता व्यक्तिहरूलाई मिडियाले पूर्वाग्रही वा परम्परागत रूपमा प्रस्तुत गर्दा उनीहरूको बारेमा भ्रम वा गलत कुरा फैलिन्छ र अरूमा गलत प्रभाव पर्छ, जसले गर्दा पहिले देखिनै अति हेपिएका वा खतरामा परेकाहरूमाथि दोष/आरोप लाग्ने सम्भावना झन बढ्छ । यस कारण लोकतान्त्रिक मुलुकहरूमा र अन्तर्राष्ट्रिय कानुनमा संचार अधिकार र दायित्वलाई पालन गराउनका लागि हामी यो बडापत्रलाई वैधानिक मान्यता प्रदान गर्छौं । (पूरै घोषणापत्र यो पुस्तकको पुछारमा छ ।)

राष्ट्रलाई साँच्चिकै लोकतान्त्रिक बनाउने सिलसिलामा अहिले नेपाली जनताको काँधमा संचार क्षेत्रलाई लोकतान्त्रिक बनाएर जनतालाई संचार अधिकार दिलाउने जिम्मेवारी पनि आएको छ ।

# लोकतान्त्रिक मिडियासँग सरोकारका विषयहरू

## संचारमा सामन्ती प्रवृत्ति र तावेदारी पत्रकारिता

राणा शासन कालमा दरबारमा पठाइने गोरखापत्रका केही प्रति सुनौला अक्षरमा छापेर पठाइन्थ्यो । सुन र चाँदीमात्र हेर्ने आँखाका लागि कालो मसीले बिझ्ला भनेर तावेदार पत्रकारहरूले सुनौला पाउडर दलेर गोरखापत्रलाई सुनजस्तो टल्कने बनाउँथे ।

पंचायतकालमा सरकारी प्रकाशनहरूमा राजपरिवारको उल्लेख गरिएका शब्दहरू अन्डर लाइन गर्ने चलन थियो । समाचारको प्राथमिकता क्रम (न्युजभ्यालु) मा राजपरिवारलाई सर्वोपरि राख्नु पर्ने र वाक्य गठन गर्दा पनि पदअनुसारको नाम अगाडि आउनु पर्ने चलन पनि पंचायत कालमा चलेको हो ।

काठमाडौँमा सुलभ शौचालयको प्रचार गर्ने क्रममा राजाको गाडी आवतजावत गर्ने बाटो माथि शौचालयको प्रचार गर्ने व्यानर राख्न दिइएन । जनताले प्रयोग गर्ने शब्द चर्पी राजपरिवारको नजरमा नपरोस् भनेर शौचालय बनाइएको थियो ।

हजारौं वर्षको सामन्ती व्यवस्थाले गर्दा नेपाली समाजका हरेक अंगमा सामन्ती संस्कार, प्रवृत्ति, चिन्तन र व्यवहार छ । भाषामा तँ, तिमी, तपाईं, हजूर र सियोस् जस्तो छ तहको सम्बोधन भएझैं संचारको क्षेत्रमा पनि परिवारभित्र देखि सरकारी कार्यालयसम्म यो प्रवृत्ति व्यापक र गहिरोसँग भिजेको छ । सासु बुहारी, बाबु छोरा, कर्मचारी र हाकिम, विद्यार्थी र शिक्षक, गाउँले र शहरबासी, मजदुर र मालिक, नेता र जनता/मतदाता, सरकार र जनताबीच दोहोरो र समानान्तर संवादको अभाव छ ।

सामन्ती व्यवस्थामा रैतीले आफ्नो बारेमा आफैले निर्णय गर्न सक्तैनन् । रैतीले के सोच्ने, के कुरा सुन्ने, पढने भन्ने सबै कुरा सत्ताधारीले गर्छ । यही व्यवहार परिवारभित्र घरमूलीले र कार्यालयभित्र हाकिमले देखाउँछ । कार्यालयमा पदको मर्यादाअनुसार व्यवहार गर्ने परम्परा (हाइरार्की) संचार क्षेत्रमा पनि व्याप्त छ । हाकिमले सबै कुरा थाहा पाउनुपर्छ, हाकिम सबैभन्दा बढी ज्ञाता हुन्छ, पियनले सबैभन्दा थोरै कुरा थाहा पाउनुपर्छ भन्ने मानसिकताबाट अहिले पनि कार्यालयहरू मुक्त भएका छैनन् । सबै जनाले थाहा पाउनु पर्ने कागतपत्रमा पनि गोप्यको छाप लाउने, सरकारी प्रवक्ताले सकेसम्म कुरा लुकाउने व्यवहार अझै हराएको छैन ।

राजाले बाघ मारे विष्णुको अवतारको हातबाट मरेको हुनाले बाघ भाग्यमानी रहेछ स्वर्ग गयो, भन्ने समाचार लेख्ने सामन्ती लेखन र सोचबाट अहिले पनि कतिपय पत्रकार मुक्त भएका छैनन् । राजा र राजपरिवारका सदस्यको जन्मोत्सवमा मात्रै समाचार लेख्ने पत्रकार र पत्रकार संघ अझै पनि छ ।

शासन गर्नु राजाको अधिकार हो, राजाले गल्ती गर्दैन, सबै अधिकार राजाबाट सिर्जना हुन्छ भनी ठान्ने पत्रकारहरूले अहिले पनि पत्रिका चलाइरहका छन् । एउटा राष्ट्रिय दैनिकका सम्पादकले आफ्नै अखबारको सम्पादकीय पृष्ठमा लेखेको यो अंशले पत्रकारको चिन्तनको स्तर स्पष्ट पार्छ :

“हामी दरबारको ढोकाबाट छिरिसकेपछि हामीलाई लिन त्यहाँ प्रमुख संवाद सचिव स्वयम् नै आइसक्नुभएको रहेछ । ‘हतार भइसक्यो, ल जाऔं !’ -उहाँले छिटो-छिटो हिँडन अनुरोध गर्दै भन्नुभयो । मुटुको धडकन झन-झन तेज हुँदै गइरहेको थियो । आफैले आफैलाई सान्त्वना दिँदै बाटोभरि म आफूसँगै यसरी मनमा कुरा गर्दै हिँडिरहें - ‘सरकार ! म नेवार को छोरा, बोल्न त्यति आउँदैन । फेरि मेरो बोल्नेभन्दा लेख्ने कामै बढी हुन्छ । त्यसैले सरकारसँगको कुराकानीमा गल्तीले कतै सरकारलाई सम्बोधन गर्नुपर्ने आदरार्थी शब्दहरूमा तल-माथि पर्न गए क्षमा पाऊँ सरकार !’ भनेर मात्र आफ्नो कुरा शुरु गरे त सरकारले पनि बुझिबक्सने नै छ नि, के को चिन्तित भइरहेको बेकारमा !” (‘राजाले सोधिबक्स्यो, प्रेसले चाहेको प्रजातन्त्र यस्तै थियो त ?’ नेपाल समाचारपत्र दैनिक, २०५७ पुस २३ गते आइतबार)

दोस्रो जनआन्दोलनपछि सरकार बनेपछि पनि मिडियामा ताबेदारी प्रवृत्ति हराएको छैन । प्रधानमन्त्री र मन्त्रीलाई अनावश्यक रूपमा तारिफ गर्ने काम सुरु भइसकेको छ । यस्तो चाकडी, ताबेदारी पत्रकारिता बन्द गरिएन भने स्वतन्त्रताका सिपाहीको रूपमा नाम कमाएको पत्रकारको बदनाम हुनेछ ।

## बाह्र वर्षे प्रजातन्त्रमा मिडिया

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको वाह्र वर्षमा नेपालमा सूचना तथा संचारका माध्यमहरू, खास गरी आमसंचार (पत्रकारिता) को अभूतपूर्व विकास भएको छ । प्राविधिक दृष्टिले अहिले नेपालका हिमाली, पहाडी तथा तराइका सबै भागमा रेडियो, टेलिभिजन, केबुल टीभी, इन्टर नेट, इमेल र मोबाइल फोन पुऱ्याउन सकिने अवस्था छ । यातायातको सुविधा बढेको हुनाले अखबार, पत्रपत्रिकाहरू शहरी इलाकामा मात्र होइन ग्रामीण इलाकामा पनि पुऱ्याउनु संभव भएको छ । संचार भूउपग्रहले गर्दा बिजुली नपुगेका दुर्गम ठाउँमा पनि घाम, पानी वा गोबर बाट बिजुली निकालेर वा मोटरको ब्याट्री प्रयोग गरेर पनि कतिपय गाउँमा टेलिभिजन, टेलिफोन, इन्टरनेट र इमेल चल्न थालेको छ । एफएम रेडियोको विकासपछि नेपालका दुई तिहाइभन्दा बढी जनताले रेडियो सुन्न थालेको अनुमान छ ।

संचारका अत्याधुनिक माध्यमसमक्ष पहुँच हुँदैमा मानिसहरूले त्यसबाट आफूलाई चाहिने सूचना र ज्ञान प्राप्त गर्छन् भन्ने कुनै निश्चितता हुँदैन। व्यवहारमा सूचना र संचारको पहुँच र उपयोग सुगम र सहरी इलाकामा सीमित छ। ग्लोबल संचार माध्यम तथा इन्टरनेटमा भएका अधिकांश ज्ञान र सूचना आम जनताका लागि सान्दर्भिक तथा उपयोगी छैनन्। उपयोगी भए पनि तिनको उपयोग गर्ने क्षमता धेरै जनासँग छैन। ग्लोबल मिडिया अधिकांश व्यापारिक तथा राजनीतिक उद्देश्यले संचालन गरिएको हुनाले ती आमजनताको हितमा छैनन्।

सहरमा अनेकौं च्यानल टेलिभिजन, दर्जनौं रेडियो स्टेसन र अनगिन्ती अखबारहरूको ओइरो लाग्नाले सूचना र ज्ञानको बाढी आएको देखिन्छ भने गाउँहरूमा संचारका मध्यमहरूमा पहुँच र उपयोगको सीमितताले गर्दा सूचना र ज्ञानको खडेरी लागेको देखिन्छ।

## संचारको बढ्दो खाडल

बाह्र वर्षमा मिडियाको उल्लेखनीय विकास देखिएता पनि यो विकास काठमाडौं र केही सहरी क्षेत्रमा सीमित छ। दर्ता भएका कुल २१८१ पत्रपत्रिकामध्ये काठमाडौं उपत्यकामा मात्रै १०८० पत्रपत्रिका दर्ता भएका छन्। हाल नियमित रूपमा प्रकाशित भइरहेका ४६१ पत्रपत्रिकाहरूमध्ये काठमाडौं उपत्यकाबाट मात्रै २२३ पत्रपत्रिका निस्किरहेका छन्। यसरी संख्याको दृष्टिले नेपालमा कुल अखबारको आधा काठमाडौंमा केन्द्रित देखिन्छ तर विक्रीवितरण संख्याको हिसाबले यो भिन्नता धेरै ठूलो छ। काठमाडौंबाट प्रकाशित हुने अखबारहरूको वितरणसंख्या पाँच हजारदेखि एक लाखसम्म भएको अनुमान छ भने उपत्यका बाहिरबाट निस्कने, केही अखवारलाई छाडेर, सबैजसो अखबारहरू औसत एक हजार प्रति छापिन्छन्। १३ वटा जिल्लामा अहिलेसम्म अखबार दर्ता भएकै छैन। पचासजति जिल्लाका सदरमुकाममा काठमाडौंबाट निस्कने अखबार पुग्छन्। १० जिल्लामा पत्रपत्रिका दर्ता भए पनि पत्रिका निस्कँदैनन्। दुई दर्जनजति जिल्लामा बाहिरको अखबार पुग्दैन। नेपालका कुल पत्रकारहरूमध्ये दुई तिहाइ पत्रकार काठमाडौंमा छन्।

देशको झण्डै अढाई करोड जनसंख्यामध्ये झण्डै पच्चिस लाख मानिस काठमाडौं उपत्यकामा बस्छन्। लगभग बीस लाख मानिस तराई र केही पहाडी भेकका शहरी क्षेत्रमा बस्छन्। सिंगो दुई करोड जनसंख्या त अहिले पनि गाउँमै बस्छन् र केन्द्रिय मूलधारका अखबारको पहुँच ती दुई करोड जनसंख्यासम्म छैन। पहुँचको दृष्टिले हेर्दा सैकडा एक नेपालीले पनि नियमित रूपले अखबार पढदैनन्।

दुर्गम तथा ग्रामीण क्षेत्रमा पहुँच भएको र अधिकांश जनताले उपयोग गर्ने रेडियो हो। तर स्टेसनको क्षमता र संचालनमा पनि काठमाडौं र उपत्यकाबाहिरबीच ठूलो असन्तुलन छ। हालसम्म ५६ संस्थाले एफएम स्टेसन चलाउने इजाजत पाएका छन्। तीमध्ये १६ वटा



काठमाडौंमा छन्। काठमाडौंबाहिर पनि रेडियो स्टेसनको वितरण स्थिति असन्तुलित छ। केही जिल्लामा आवश्यकताभन्दा धेरै एफएम स्टेसन छन्। हालसम्म २१ जिल्लामामात्र एफएम स्टेसन संचालनमा छन्। रेडियो नेपालले सर्टवेभ, मिडियमवेभ र एफएमको उपयोग गरेर केन्द्रीय, क्षेत्रीय र स्थानीय स्टेसनहरूमार्फत देशव्यापी प्रसारण गर्छ। कभरेजको हिसाबले रेडियो नेपालको पहुँच सबैभन्दा धेरै छ र यसले विभिन्न राष्ट्रिय भाषामा समाचार र केही भाषामा अन्य कार्यक्रम प्रसार गर्छ। तर यसका कार्यक्रमहरू जनताका लागि भन्दा सत्ताधारीहरूका लागि लक्षित छन्।

नेपालभित्र अहिले पाँच वटा टेलिभिज स्टेसनले नेपाली भाषामा कार्यक्रम प्रसार गरिरहेका छन्। नेपाली दर्शकलाई लक्षित गरी भारतबाट एउटा नेपाली भाषी टीभी च्यानल चौबीसै घण्टा प्रसार भइरहेछ। नेपालभित्रका टीभी स्टेसनहरूमध्ये तीनवटाले संचार भूउपग्रहबाट प्रसार गरिरहेछन्। नेपाल टेलिभिजनले देशका विभिन्न भागमा १४ वटा रिले स्टेसन मार्फत पनि प्रसारण गर्छ। तर विजुलीको अभाव र आर्थिक कारणले अधिकांश ग्रामीण क्षेत्रमा टेलिभिजन पुगेको छैन। सहरमा पनि प्रायः सबै नेपालीले हिन्दी भाषा सजिलैसँग बुझ्ने हुनाले नेपाली भाषी टेलिभिनभन्दा हिन्दीभाषी टेलिभिजन कार्यक्रमहरू नेपालमा बढी हेरिन्छन्। केबुल टीभी सहरी इलाका र सहर नजिकका केही गाउँमा पुगेको छ। तर यसको प्रभाव सूचना र शिक्षामा भन्दा मनोरंजनमा बढी छ।

मोबाइल फोनको द्रुत विस्तारले गर्दा अहिले टेलिफोन उपयोग गर्ने नेपालीको संख्या सयकडा चार पुग्न लागेको छ तर ७० प्रतिशत टेलिफोन काठमाडौंमा बाँडिएको छ। ६० प्रतिशत गाउँमा टेलिफोन पुगेको छैन। कतिपय गाउँमा टेलिफोन गर्न दुई दिनसम्म हिँडनुपर्ने अवस्था छ।

अधिकांश नेपालीहरू मिडियाको उपयोगिता, यसको भूमिका र शक्तिबारे अनभिज्ञ छन्। मिडियालाई आफ्नो हितमा उपयोग गर्नसकिन्छ भन्ने कुरा उनीहरूलाई थाहै छैन। फलस्वरूप बहुसंख्यक जनता स्वस्थ, सम्मानपूर्ण र सुखी जीवनको लागि नभइनहुने सूचना र ज्ञानबाट मात्रै होइन राज्यले उपलब्ध गराउने सेवा सुविधा र नागरिक अधिकारबाट समेत बंचित छन्। मिडियाको केन्द्रियताले न्यायपूर्ण र समानुपातिक विकास तथा प्रजातन्त्रको सुदृढीकरणलाई पनि नकारात्मक असर पारिरहेको छ।

अशिक्षा, चेतनाको कमी, गरिबी, भौगोलिक विषमता, धार्मिक, सांस्कृतिक, भाषिक, जातीय तथा क्षेत्रीय विविधता आदि विविध कारणहरूले गर्दा अधिकांश नेपाली जनता, खास गरी गाउँमा बस्ने विपन्न तथा सामाजिक तथा आर्थिक कारणले उपेक्षित जनता देशमा भएको सूचना र संचारको विकासबाट पाखा परेका छन्। आमजनताको जीवनमा परिवर्तन ल्याउने काममा नेपालका मिडियाले उल्लेखनीय भूमिका खेल्न नसकेको स्पष्टै छ।

### मिडियाको भूमिकामाथि प्रश्न :

बाह्र वर्षमा मिडियाको विकास मिडिया मालिक वा संस्थाको हितका लागि भयो, प्रजातन्त्रका लागि भएन। प्रेस सत्ता राजनीतिमा लाग्यो। राजनीतिक नेता र दलहरूबीच झगडा गरायो। प्रजातन्त्रप्रति वितृष्ण जगायो। विद्रोहीलाई प्रोत्साहन दियो। यस्ता आरोपका स्वरहरू पनि बेलाबेलामा सुनिन्छन्। एक ताका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालगायत केही नेताहरूले नेपालमा मिडिया टाइकुन जन्मेको र यसले प्रजातन्त्रलाई खतरामा परेका कुरा समेत उठाएका थिए। मिडियालाई स्वतन्त्र राख्न र एकाधिकारबाट जोगाउन मिडियामा विदेशी लगानी, एउटै संस्थालाई दुईभन्दा धेरै मिडिया चलाउन दिन नहुनेजस्ता सुझावहरू यही समयमा आएका थिए।

### नेताहरूको नकारात्मक भूमिका

अर्कोतिर जनता र प्रजातन्त्रको माला जप्ने नेताहरू सत्तामा पुगेपछि सरकारी मिडियाको विकासमा लाग्ने, स्वतन्त्र मिडिया, खास गरी गाउँ र समुदायका लागि लक्षित मिडियालाई दुरुत्साहित गर्ने जनविरोधीकाम पनि नगरेका होइनन्। एउटै निकायलाई धेरै मिडिया संचालन गर्न दिने, विदेशी लगानीमा आँखा चिम्लने, अविवेकपूर्वक रेडियो लाइसेन्स दिने, सर कारी मिडियालाई पोस्नेजस्ता धेरै गल्ती भएका थिए। यस्ता गल्ती नदोहोरियोस् भन्नका लागि दोस्रो जनआन्दोलनको दौरानमा पत्रकारहरूले धेरै पटक राजनीतिक नेताहरूबाट प्रेस स्वतन्त्रमा बाधा नपुर्याने बाचा गराएका थिए।

### न्युजभ्यालु र भाषामा सामन्ती परम्परा :

बाह्र वर्षे प्रजातान्त्रिक कालमा मिडियामा सुधार्न नसकिएको एउटा टडकारो कुरा समाचारमा लादिएको मर्यादाक्रम र त्यसले प्रयोग गर्ने भाषा हो। सामाचारको महत्व घटनाको आधामा नभएर व्यक्तिको आधारमा हुनु, जस्तो सुकै महत्वपूर्ण राष्ट्रिय वा अन्तर्राष्ट्रिय घटना वा समाचारलाई पछि पारेर राजा, राजपरिवार, संवैधानिक निकायका प्रमुखहरू आदिसँग सम्बन्धित समाचारहरू मर्यादाक्रम अनुसार प्राथमिकता दिने सामन्ती परम्परा बाह्र वर्षमा हराउन सकेन।

समाचारको माध्यम भाषा हो। नेपाली मिडियामा प्रयोग हुने भाषा सामन्ती संस्कारबाट अहिले पनि मुक्त हुनसकेको छैन। दरबारभित्र प्रयोग हुने भाषा मिडियाले मात्रै अपनाएन नेता तथा नवधनाढ्यहरूले पनि परिवारभित्र भित्र्याएका छन्। यहाँ सम्म कि वाक्यको गठनसमेत सामन्ती संस्कारजन्य मर्यादाक्रमबाट ग्रस्त छ। वाक्यमा पनि राजा वा महत्वपूर्ण व्यक्तिको नाम पहिले आउनु पर्ने परम्पराले गर्दा कतिपय अवस्थामा मिडियाले बेढंगका र अनर्थकारी वाक्य प्रयोग गर्ने गरेका छन्। लोकतन्त्रमा यस्तो भाषिक पक्षपात कुनै पनि हालतमा स्वीकार्य हुनसक्तैन।

लोकतन्त्रतिर संक्रमण गर्न लागेको नेपालले मिडियाको लोकतन्त्रीकरण गर्ने मेसोमा यस्ता विकृति र विसंगतिहरूलाई हटाउनु आवश्यक छ।

## मिडियाको दुरुपयोग

पंचायत कालमा कतिपय सरकारी पत्रिका र राष्ट्रिय समितिका पत्रकारहरू समाचार छापेर भन्दा नछापेर पैसा कमाउँथे। समाचार छापिए एउटा समाचारको सय रूपैयाँभन्दा बढी पाइन्नथ्यो तर समाचार लुकाए हजारौं रूपैयाँ कमाउनसकिन्थ्यो। केही साप्ताहिक पत्रिकामा पनि यो प्रवृत्ति देखिन्थो भने प्रजातन्त्रकालमा पनि यो बानी हराएन।

पत्रिकाको एक अंकमा कसैलाइ धुमधामले गाली हुन्थ्यो र बाकी गाली आगामी अंकमा छाप्ने डर देखाएर सम्बन्धित व्यक्तिसँग मोलतोल गरिन्थ्यो। कतिपय पत्रिकाले कुनै उद्योगको उत्पादनमा मिसावट वा खराबी पाइयो भनेर समाचार छाप्थ्यो अनि अर्को अंकदेखि त्यही उद्योगको उत्पादनको आकर्षक विज्ञापन छाप्न थाल्थ्यो।

मरिसकेका मानिसको बेइजती हुने गरी समाचार छाप्न हुँदैन यो अन्तर्राष्ट्रिय मान्यताभित्र पर्छ। त्यस्तै आत्महत्याको समाचार युरोपका धेरै देशमा छापिँदैन। तर हामी कहाँ आत्महत्या गरेका मानिसको फोटो र कसरी आत्महत्या गर्यो भन्ने विधिसहित छापिन्छ। त्यसमाथि मरेका मानिसको बेइजती हुने गरी छापिन्छ।

एउटा नाम चलेको साप्ताहिक अखबारमा प्रकाशित समाचारबाट आफ्नो बेइजत भएको सहन नसकेर सिने नायिका श्रीषा कार्कीले आत्महत्या गरेको धेरै वर्ष भएको छैन। यस्ता गैरजिम्मेवार समाचार साप्ताहिकहरूले मात्रै होइन दैनिकले पनि बेलाबेलामा छाप्ने गरेको भेटिन्छ।

वृद्धवृद्धा, महिला, बालकहरूको समाचार छाप्दा उनीहरूको जीवनमा पर्नसक्ने प्रभावबारे बिचारै नगरी, संवेदनशून्य भई समाचार छाप्ने, समाचारसँग सरोकार नै नभएका, निरपराध वा थाहै नभएका व्यक्तिलाई जबर्जस्ती समाचारमा तान्ने आदि पीत पत्रकारिता, ब्ल्याकमेलिङ पत्रकारिता भनिने अनेकौं विकृति हाम्रा मिडियामा पनि भित्रिइसकेका छन्।

विगतमा पत्रकार आचार संहिता, प्रेस कानुन आदिद्वारा नेपाली प्रेसलाई जिम्मेवार र विश्वसनीय बनाउनका लागि केही प्रयास भएका थिए। तर तिनको कार्यान्वयन प्रभावकारी रूपमा भएन। पत्रकारहरूको व्यावसायिक ज्ञान/शिक्षाको कमी र अपर्यप्त ऐन कानुनले पनि यसमा प्रेसलाई जिम्मेवार विश्वसनीय बनाउने प्रयासमा बाधा पारेको देखिन्छ।

अर्को समस्या राजनीति र पत्रकारिताको खिचडी पनि हो । कुनै दल सत्तामा छँदा तिनका कार्यकर्ताहरूले, सम्बन्धित व्यवसायको ज्ञान नभए पनि राजनीतिक नियुक्ति पाएर मिडिया संस्थाहरूमा जाने, सरकारी मिडियालाई पार्टीको भर्ती केन्द्र बनाएर कार्यकर्तालाई पत्रकार बनाउने प्रवृत्ति सबैले भोगेकै कुरा हो । अनि सत्ताबाट हट्ने बित्तिकै नेताहरू वा रानीतिक कार्यकर्ताहरूले पत्रपत्रिका प्रकाशित गर्न थाल्ने रोगले पनि नेपाली मिडियामा गैरपत्रकारहरूको प्रवेश भएको र त्यसको फलस्वरूप अनैकौं विकृति आएको हो ।

यदि मिडिया जनताको लागि हो भने मिडियाबाट जनताले दुःख पाउनु हुँदैन । लोकतन्त्रमा त यो काम बिल्कुलै बन्द हुनुपर्छ । मिडियाको लोकतन्त्रीकरणबाट मात्र यो संभव छ ।

## माओवादी र प्रेस स्वतन्त्रता

### संसारभरिका पत्रकारलाई सूचना साम्राज्यवादका विरुद्ध नयाँ आन्दोलन सृष्टि गर्न आह्वान गर्दछु : अध्यक्ष प्रचण्ड

देव शमशेरको पालामा सुरु भएको नेपालको पत्रकारिताले सय वर्षको इतिहासमा रैती पत्रकारिता, ताबेदारी पत्रकारिता, पंचायती पत्रकारिता, सरकारी पत्रकारिता, नाफामुखी पत्रकारिता, द्वन्द्व पत्रकारिता र युद्ध पत्रकारिताको समेत अनुभव गरिसकेको छ । यी सबै खालका पत्रकारितामा स्वतन्त्र प्रेस र पत्रकारहरूले मृत्यु, शारीरिक तथा मानसिक यातनालगायत अनेकौं दुःख कष्ट र समस्या भोग्नु परेको छ ।

वितेको दस वर्षमा माओवादीले चलाएको जनयुद्धमा, दुई पटकको संकटकालमा पत्रकारहरूको दुःखकष्ट ह्वात्तै बढ्यो । अझै पन्ध्र महिने शाही शासनकाल त पत्रकारहरूको लागि कहाली लाग्दो नै थियो । द्वन्द्व पत्रकारिता नेपाली पत्रकारहरूको लागि नौलो विषय थियो भने युद्ध पत्रकारिता नचिताएकै कुरा थियो । पत्रकारहरूले राज्यबाट मात्र होइन विद्रोही पक्षबाट पनि जीवन हरणदेखि विभिन्न भौतिक तथा मानसिक कार्वाही भोग्नु पर्‍यो । एक समय पत्रकार महासंघ विद्रोहीहरूको समाचार बन्द गर्ने धम्की दिने अवस्थामा समेत पुग्यो । माओवादीले स्वतन्त्र प्रेसको अस्तित्वलाई स्वीकार गर्न धेरै समय लाग्यो । यो भ्रम अझै पनि हटेको छैन ।

राज्य र माओवादी दुबैले पत्रकार र मिडियालाई बेलाबेलामा आफ्नो हितमा उपयोग गर्ने प्रयास नगरेका पनि होइनन् । यसै मेसोमा कतिपय पत्रकारहरू सुराकीको आरोपमा दुबै पक्षबाट भौतिक तथा मानसिक यातनाको सिकार हुनु परेको थियो । नेपालका स्वतन्त्र मिडियाले आफ्नो कर्तव्य पालन गर्दै माओवादीहरूको समाचार र विचार प्रकाशित प्रसारित गर्दा राज्यबाट आतंककारीको आरोप लागेर जेलनेल समेत भोग्नु परेको थियो । तर माओवादीहरूले नेपालका गैरसरकारी स्वतन्त्र मिडियालाई पत्याएको देखिँदैन । उनीहरूले आफ्नै पत्रिका र रेडियो चलाएका छन् । आफ्ना पत्रकारहरूलाई युद्ध पत्रकारिताको तालिम दिलाएकाछन् । वेबसाइटहरु पनि चलाएका छन् । खोटाङ जिल्लामा २०६० असोजदेखि संचालित जनरेडियोबाट जनकारवाही गरिने (मारिने?) मानिसहरूको नाम प्रसार गरेर रेडियोको दुरुपयोग गरिएको थियो । (घटना विचार साप्ताहिक, २०६० पुस २ गते) माओवादीहरुले रेडियो नेपालका रिले स्टेसनमात्रै होइन घनगढीमा संचालित स्वतन्त्र रेडियो समेत लुटेका थिए । दैलेखका चुप्राबजारमा संचालित केबुलले विकृति फैलाएको आरोप लागाउँदै तोडफोड गरेका थिए ।

स्वतन्त्र प्रेसको अवधारण पश्चिमी मुलुकबाट आएको हो र स्वतन्त्र प्रेसको नाममा पुँजीवादीको सेवा गर्ने प्रेस हावी छ भन्ने माओवादी मान्यता छ । नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष प्रचण्डले दुई वर्षअघि विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्षमा दिएको अन्तर्वार्तामा माओवादीको सत्तामा प्रेस स्वतन्त्रताको स्थिति के हुनेछ ? त्यहाँ निजी र स्वतन्त्र प्रेसको अस्तित्व के हुनेछ ? भन्ने प्रश्नको जवाफमा भनेका थिए :

"यहाँ पहिलो कुरा सत्ताको बारेमा नै स्पष्ट हुनु जरुरी छ । सत्ता कुनै निरपेक्ष र शाश्वत कुरा होइन । वर्गीय समाजमा सत्ताको स्वरूप र चरित्र पनि वर्गीय हुने गर्दछ । सर्वहारा वर्गको नेतृत्वमा बन्ने शोषित जनताको सत्ताले जनसमुदायलाई स्वतन्त्रता र शोषक लुटेराहरूमाथि अधिनायकवाद लागू गर्दछ । शोषक वर्गको सत्ताले आफ्नो वर्गका निमित्त स्वतन्त्रता र जनसमुदायमाथि अधिनायकत्व लागू गरिरहेको हुन्छ । अतः निरपेक्ष सत्ता वा निरपेक्ष स्वतन्त्रताका दुबै कुराहरू भ्रममात्र हुन् । जनसत्ताद्वारा निर्देशित प्रेसले जनताको पक्षमा काम गर्दछ भने प्रतिक्रियावादी सत्ताद्वारा निर्देशित प्रेसले जनताका विरुद्ध काम गर्दछ । यो सिधा र स्पष्ट कुरा हो । साम्यवादीहरूको व्यवस्थामा प्रेसलाई स्वतन्त्रता दिइँदैन भन्ने कुरा सत्य होइन । विगतमा समाजवादको प्रयोगको क्रममा यान्त्रिक र औपचारिक जनवादजस्ता कैयौं कमीकमजोरीहरू देखिन गए । २१ औं शाताब्दीको जनवादी समाजवादी सत्ताहरूमा त्यस प्रकारका कमजोरीहरूलाई सच्याएर स्वस्थ प्रतिस्पर्धालाई संस्थागत गर्नुपर्ने आवश्यकतामा हामीले जोड दिइरहका छौं । प्रतिस्पर्धाको संस्थागतले प्रेस स्वतन्त्रतालाई औपचारिक र यान्त्रिक हुनबाट बचाउने कुरामा हामी विश्वस्त छौं । देश र जनताका आधारभूत हितको सीमाभित्र नीति र स्वतन्त्र प्रेसले त्यस प्रकारको व्यवस्थामा व्यापक भूमिका खेल्ने स्थिति बन्नेछ ।"

"प्रेस हरेक सत्ताको प्रतिपक्षमा नै हुनुपर्दछ भन्ने कुरा ठिक होइन । प्रेस सत्यको पक्षमा हुनुपर्दछ र त्यसरी जनताको पक्षमा हुनुपर्दछ । वर्तमान विश्वमा मुख्य कुरा जनपक्षीय प्रेसले सूचना साम्राज्यवादका विरुद्ध खडा हुनु पर्दछ । यसको अर्थ साम्राज्यवाद विरोधी जनसत्ताहरूको पक्षमा खडा हुनु पनि हो । अर्को भाषामा भन्नुपर्दा प्रेस जनसत्ताको पक्षमा र जनविरोधी सत्ताको विरोधमा हुनपर्दछ ।" (स्रोत : साँघु साप्ताहिक, २०६१ वैशाख २८)

स्वतन्त्र प्रेसबारे माओवादी धारणप्रति नेपालका अधिकांश संचारकर्मी र संचारको क्षेत्रमा लागेका व्यक्ति र निकायहरूको असहमति छ । २१ औं शताब्दीको लोकतन्त्रमा हुर्कन चाहने पुस्ताका लागि स्वतन्त्रता निक्कै प्रिय छ । उनीहरु प्रेसको चरित्र र भूमिकालाई साँगुरो पार्ने कुनै पनि विशेषण प्रेस शब्दसँग जोडन चाहँदैनन् । कान्तिपुर दैनिकका युवा पत्रकार र समीक्षक अमीत ढकालका शब्दमा :

“विगत एक दशकमा नेपालमा व्यावसायिक पत्रकारहरूको एउटा ठूलो जमात खडा भइसकेको छ । स्वतन्त्रताका साथ सोच्न, बोल्न र लेख्न पाउने आदर्शका पक्षपाती ती पत्रकार तपाइँहरू (माओवादी) सँग मतभेद राख्छन् । म आफै पनि मेरो चेतनाको एक औंस बाँकी रहुन्जेल निर्विध्न बोल्न, लेख्न, राजनीतिक नेतृत्व चुन्न र त्यो नेतृत्वलाई सत्ताबाट हटाउन पाउने आफ्नो अधिकारप्रति किंचित पनि सम्झौता गर्न चाहन्न । मैले नचुनेको कुनै पनि व्यक्तिले ममाथि शासन गरोस् भन्ने चाहन्न । म एउटा सभ्य समाजले अंगिकार गरेको स्वतन्त्र प्रेस, न्यायपालिका र आवधिक निर्वाचनको पक्षपाती हुँ । माओवादी शासनमा मेरा यी सार्वभौम अधिकारहरूको रक्षा हुन्छ ?” (स्रोत : “सशस्त्र आन्दोलनको गोलचक्कर”, टिप्पणी, कान्तिपुर दैनिक, २०६१ वैशाख २४ गते)

पछिल्लो युद्ध विरामपछि माओवादी रेडियो सहरभित्र पसेको छ । शाही सेनाले रेडियो चलाउन हुन्न भन्ने तर्क माओवादीलाई पनि लागू हुनुपर्छ । खास गरी संविधान सभाको चुनावको सन्दर्भमा चुनावअघि माओवादीको हतियारको व्यस्थापन हुनुपर्ने तर्ककै आधारमा पनि हतियार जस्तै शक्तिशाली रेडियो पनि बन्द हुनुपर्छ । कुनै पनि राजनीतिक दलले रेडियो संचालन गर्नु हुँदैन ।

साँच्चै नै माओवादी शासनमा स्वतन्त्र प्रेसको अस्तित्वलाई लिएर धेरैको मनमा शंका छ । माओवादीले बेलाबेलामा प्रजातन्त्र, बहुलबाद र प्रेस स्वतन्त्रप्रति प्रतिवद्धता जनाए पनि सामन्तवाद विरुद्ध उनीहरूले चलाएको हिंसात्मक क्रान्ति सफल भएको घडीमा तावाबाट उफ्रेर भुंग्रोमा भनेझैं सामन्तबादबाट पीडित नेपाली मिडिया अधिनायकवादबाट पीडित हुनपुग्ने बलियो सम्भावनालाई बेवास्ता गर्न सकिन्न । तर जहाँसम्म आमजनताको कुरा छ एउटा अधिनायकवाद (सामन्तवाद) बाट अत्तालिएको जनता अर्को अधिनायकवादलाई सहन तयार हुने छैनन् भन्ने कुरा पनि स्पष्ट छ । लोकतान्त्रिक राज्यमा नागरिक समाजको निगरानी र सचेत जनताको दवावले मात्रै मिडियालाई सबै खालका अधिनायकवादबाट जोगाउनसक्छ ।

## सरकारी मिडिया

गोरखापत्रका संस्थापक प्रधानमन्त्री देव शमशेरदेखि शाही सत्ताका संचार राज्यमन्त्री श्रीस शमशेरसम्मको सरकारी मिडियाको इतिहास एउटै छ : जो सत्तामा छ उसकै तारिफ



गर्ने । बाह्र वर्षे प्रजातान्त्रिक कालमा पनि सरकारी माध्यमहरूको यो परम्परा टुटेन । उल्टै, प्रजातन्त्रमा सरकारले संचार माध्यम चलाउँदैन भन्ने भनाइ र गोरखापत्रलगायतका आमसंचार माध्यमहरूलाई सरकारले निजी क्षेत्रको जिम्मामा लाउनु पर्ने मागलाई लत्याउँदै मन्त्रीहरू सरकारी मिडियालाई बलियो बनाउने काममा खुलेर लागे ।

सत्ताबाहिर हुँदा सरकारले आमसंचार माध्यम संचालन गर्नु हुँदैन भनेर कुर्लने अनि सत्तामा पुगेपछि उल्टो काम गर्ने नेताहरूको कारणले प्रजातन्त्रमात्रै होइन स्वयं सरकारी मिडिया समेत पीडित भइरहेकोछ । गोरखापत्र आर्थिक रूपले आत्मनिर्भर छ बरु यसले नै सरकारलाई झण्डै दुई करोड राजस्व बुझाउँछ भनिन्छ । यसलाई सरकारी नियन्त्रणबाट मुक्त गर्नका लागि धेरै सुझावहरू मागिए, धेरै उपायहरू निकालिए । तर कुनै पनि कार्यान्वयन भएनन् । सरकारको आफ्नै मिडिया हुनुपर्छ भन्ने भयग्रस्त मानसिकताबाट नेताहरू मुक्त हुनै सकेनन् ।

नेपालजस्तो मिडियाबारे सचेत नभइसकेको समाजमा निजी क्षेत्रका माध्यमहरू बढी नाफामुखी भएको र जनहितकारी भूमिका पूरा गर्ने ग्यारेंटी नभएको अवस्था सरकारी माध्यमको लोककल्याणकारी भूमिका हुन्छ भन्ने तर्क एक हदसम्म उपयुक्त देखिए पनि विगतमा सरकारी मिडियाले यस्तो भूमिका खेलेको देखिन्न । लोकतन्त्रमा सरकारी मिडियाको अस्तित्व सर्वथा अस्वीकार्य छ । तर हाम्रोजस्ता आर्थिक सामाजिक संरचना भएको देशमा निर्वाचित जनप्रतिनिधि सभाको नियन्त्रणमा लोककल्याणकारी (पब्लिक सर्भिस) रेडियो, टेलिभिजनको भूमिका उपयोगी हुनसक्ने उदाहरणहरू पाइन्छन् ।

सरकारी रेडियो र टेलिभिजन अपर्याप्त भएर हो कि नेपालमा शाही सरकारको अन्त्यतिर सेनाले पनि रेडियो चलाउने निधो गर्‍यो । यस्तो रेडियो चलाउने विचार माओवादीको जवाफमा आएको बुझिन्छ । तर लोकतान्त्रिक व्यवस्थामा सरकारले त मिडिया चलाउन हुँदैन भने सेनाले रेडियो चलाउने कल्पना पनि गर्न सकिन्न ।

## सरकार, बजार र प्रेस

विश्वीकृत संसारका तीन प्रमुख शक्ति- राज्य, बजार र नागरिक समाज हुन् । यी तीनै शक्तिमा आमजनताको सहभागिताका लागि ज्ञान र सूचना नभइहुँदैन । यी तीन शक्तिले ज्ञान र सूचनालाई आ-आफ्नै तरिकाले नियन्त्रण र उपयोग गर्ने प्रयास गर्छन् । यो प्रयासको मेसोमा ती तीन शक्तिबीच सूचना शक्तिको बांडफांड र नियन्त्रणलाई लिएर द्वन्द्व चलिरहन्छ ।

सामन्ती, अधिनायकवादी र एकाधिकारवादी शक्तिहरूले सूचना र ज्ञानलाई हमेसा नियन्त्रणमा राख्न खोज्छन् । प्राचीन कालमा नारी र शूद्रले शास्त्र पढ्न नपाइने, पञ्चायतकालमा पुस्तकालय खोल्न, अखबार चलाउन, रेडियो सेट राख्न इजाजतपत्र चाहिनेदेखि लिएर

आधुनिक सञ्चारयुगमा सूचना-प्रविधि व्यवसाय सञ्चालन गर्ने अंगहरूलाई आधारहीन ढंगले लाइसेन्स शुल्क र नवीकरण दस्तुरको भारी लाद्ने अनि विगत शाही शासन कालमा एफएम रेडियोबाट समाचार प्रसारण गर्न नदिने, मोबाइल फोन बन्द गर्ने कदमहरू सूचना र ज्ञानलाई सर्वसाधारणका निम्ति दुर्लभ बनाउने एकाधिकारवादी नियन्त्रणवादी प्रवृत्तिकै विविध रूप हुन् ।

तर, विश्वीकरण (ग्लोबलाइजेसन) तथा आधुनिक सूचना र सञ्चार प्रविधिको विकासले गर्दा मिडियाको शक्ति सरकारको नियन्त्रणबाट घट्दै बजारको हातमा केन्द्रित हुँदैछ । बजार अर्थात् नाफामुखी शक्तिहरूले मिडियालाई सकेसम्म आफ्नो हितमा उपयोग गर्न खोज्छन् । कतिपय अवस्थामा बिस्कुट वा सिमेन्टजस्ता उपभोग्य सामानको उत्पादन र मिडियाको उत्पादनमा अन्तर देखिन छाडेको छ । ठूला मिडिया व्यवसायी तथा बहुराष्ट्रिय कम्पनीहरू एकीकृत हुने क्रम पनि चलेको छ। यो प्रवृत्तिले जनताको निर्वाध र स्वतन्त्र सूचना पाउने हक खुम्चिंदैछ। प्रेसमा जनहितको पक्ष कमजोर हुंदैछ। एकाधिकारवादी प्रवृत्तिले जस्तै बजारले पनि मिडियालाई नियन्त्रण गर्ने प्रवृत्ति डरलाग्दो किसिमले बढिरहेको छ । यो प्रवृत्तिप्रति नागरिक समाजको चासो बढ्नु अति आवश्यक छ ।

लोकतन्त्रमा सरकारको भूमिका प्रेस स्वतन्त्रता बढाउनु र बहुलवादी, स्वतन्त्र तथा आत्मनिर्भर मिडियालाई प्रोत्साहित गर्न स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउनु हो। सरकारले मिडियालाई कम नियन्त्रण गर्नुपर्छ र सकेसम्म उदार नीति, ऐन र नियम बनाउनुपर्छ ।

तर, विश्वीकरण, विश्व बजारीकरण, आधुनिक सूचना तथा सञ्चार प्रविधिको अभूतपूर्व विकासका कारणले स्वदेशी बजार र आमजनताको हितलाई नकारात्मक प्रभाव पार्ने हुँदा त्यसलाई ध्यानमा राखेर सरकारले केही नीति-नियम, कानुन बनाउनुपर्ने हुन्छ ।

यस्तो नीति-नियम सूचना र ज्ञानका स्रोतमा जनताको निर्वाध पहुंचमा नियन्त्रण गर्नका लागि होइन, अपितु विदेशी लगानी, स्वामित्व, प्रविधिको रोजाइ र विषयवस्तुसँग सम्बन्धित हुनुपर्छ। ग्लोबल तथा विदेशी मिडिया, खासगरी भूउपग्रहीय प्रसारण र नाफामुखी मिडियाको दुष्प्रभावबाट आमजनतालाई मुक्त गर्न तथा स्थानीयरूपमै जनतालाई आफ्नो सञ्चार आवश्यकता आफैंले पूरा गर्नसक्ने वातावरण बनाउनका लागि सरकारले नीति-नियम बनाई लागू गर्नुपर्ने हुन्छ ।

नेपालको मिडिया उद्योगमा अर्बौंको लगानी भइसकेको छ र लगानी निरन्तर बढ्नुका साथै विदेशी हितका कुरा पनि स्पष्टरूपमा आइसकेका छन् । नेपाल ग्लोबल मिडिया र खासगरी छिमेकीको 'मिडिया मार्केट' मात्रै बनेको छैन, तिनले विज्ञापन गर्ने समग्रीको प्रमुख बजारसमेत बनिसकेको छ। यसबाहेक नेपाली उत्पादन र सेवाले नेपालमै बजार पाउन पनि विदेशी मिडियाको सहारा लिनुपर्ने अवस्था आइरहेको छ ।



लोकतन्त्रमा मिडियाले खेल्नुपर्ने भूमिका र जिम्मेवारी पूरा गर्नका लागि मिडिया स्वयम् पनि सक्षम हुनुपर्छ । नियन्त्रित, परनिर्भर, बांच्नका लागि अर्काको मुख ताक्नुपर्ने, व्यावसायिक आचरणविहीन, गैरजिम्मेवार प्रेसले लोकतन्त्रका लागि आवश्यक भूमिका खेल्न सक्तैन । लोकतान्त्रिक समाजमा मिडियाले आवश्यक भूमिका खेल्नका लागि प्रेस स्वतन्त्रता, पत्रकारको व्यावसायिकता र विश्वसनीयता अपरिहार्य तत्व हुन् ।

लोकतन्त्रमा प्रेसको अपरिहार्य भूमिकालाई बुझेर २०४७ सालको संविधानमा जनताको सुसूचित हुने हक, अभिव्यक्ति स्वतन्त्रता, प्रेसलाई बन्द र 'सेन्सर' गर्न नपाइने प्रावधान, संगठित हुने हक तथा गोपनीयताका हकलाई प्रत्याभूति दिएको हो। तर, बाह्रवर्षे प्रजातान्त्रिक कालमा बनेका सरकारहरूले संविधानमा भएका कुराहरूलाई कार्यान्वयन गर्न तथा आवश्यक ऐनकानुन बनाउन कहिल्यै चासो देखाएन ।

विश्वीकरण र बजारको दुस्प्रभावबाट नेपाली प्रेसलाई जोगाउन र प्रेसको जनहितकारी भूमिकालाई कायम गर्न तथा समग्रमा संचार क्षेत्रलाई नियन्त्रणकारी प्रवृत्तिबाट मुक्त गरेर लोककल्याणकारी प्रवृत्तितिर उन्मुख गर्न संविधानमा उपयुक्त व्यवस्था हुनुका साथै नीति र कानुनहरू पनि बन्नु आवश्यक छ। सबैभन्दा मुख्य कुरा त जनताको सचेत निगरानी नै हो । विगतमा नागरिक समाजले राजनीतक र सामाजिक तथा केही मात्रामा आर्थिक अधिकार का बारेमा जनतालाई शिक्षित तुल्याउने र त्यस्ता अधिकारको हननको विरुद्ध सशक्त आवाज उठाएझैँ आगामी दिनहरूमा संचार अधिकार र सिंगै संचार क्षेत्रको लोकतन्त्रीकरणको सवालमा पनि सतर्क हुन र आवाज उठाउनु आवश्यक छ ।

## प्रेस : व्यवसाय र व्यापार

पत्रकारिता क्षेत्रमा मात्र होइन अन्य क्षेत्रमा पनि हिँजोआज व्यावसायिकताको कुरा निकै हुन थालेको छ। तर विभिन्न व्यक्तिले विभिन्न समय र सन्दर्भमा प्रयोग गर्ने व्यावसायिक शब्दको अर्थ बिल्कुलै फरक हुने गरेको देखिन्छ। कहिले यसको प्रयोग अंग्रेजी भाषाको प्रोफेसनालिजमको अर्थमा प्रयोग गरिएको हुन्छ भने कहिले बिजनेस वा नाफा कमाउने काम, पेशा वा धन्दाको अर्थमा प्रयोग भएको देखिन्छ ।

कुनै पनि व्यवसायको आफ्नै सीप तथा आदर्श वा मूल्य र मान्यता हुन्छ। आमसंचार माध्यम (मिडिया) त झन जनताको दिमागलाई डोऱ्याउने व्यवसाय भएको हुनाले यसका आदर्श वा मूल्य र मान्यताहरू झन उच्च र जटिल पनि छन्। यस कारण पत्रकारितामा व्यावसायिकता भन्नाले स्वभावतः यसका प्रचलित सिद्धान्त, मान्यता, नैतिकता र अचार संहिताको परिपालना भनी बुझ्नु पर्ने हुन्छ ।

परम्परागत अर्थात् प्रचलित पत्रकारिताको उद्गमस्थल पश्चिममा पत्रकारिता वास्तवमै एउटा नाफा कमाउने व्यवसायको रूपमा विकास भएको हो । पश्चिमका अधिकांश मुलुकमा

रेडियो टेलिभिजन आदि आमसंचार संचालन गर्नु भनेको उद्योग धन्दा वा व्यापार गर्नु सरह हो। संचालकहरूले नाफाको आधारमा इजाजत शुल्क पनि तिर्नु पर्छ। कतिपय देशमा इजाजत लिनको लागि बढिबढाउ पनि गरिन्छ। साथै ती देशमा आमसंचार माध्यमहरूले कसैको बेइज्जत वा मानहानी गरे भने त्यसको लागि निक्कै कडा कानुन र गह्रुँगो आर्थिक जरिवाना झेल्नु पर्छ। लामो अभ्यासको फलस्वरूप त्यहाँ व्यावसायिक पत्रकारिताको विकास भएको हो।

नेपाल लगायत विकासशील वा तेस्रो विश्वका मुलुकहरूमा पत्रकारिताको प्रारम्भ नाफा कमाउन, उद्योग व्यवसाय वा व्यापार धन्दाको रूपमा भएको होइन, अपितु राजनीतिक, धार्मिक वा सामाजिक उद्देश्य परिपूर्तिका लागि भएको हो। पंचायत कालभरि नेपालमा दुई थरीका पत्रकारिता प्रचलित थियो। एउटाको उद्देश्य पंचायत व्यवस्थालाई हरेक उपायले जोगाउनु र अर्कोको उद्देश्य थियो निरंकूश व्यवस्थालाई फालेर प्रजातन्त्रको स्थापना गर्नु।

बहुदलीय व्यवस्थाको स्थापनापछि मात्र नेपालमा व्यावसायिक पत्रकारिताको वातावरण बनेको हो। प्रजातन्त्रका लागि यो अपरिहार्य थियो। फलस्वरूप बाह्र वर्ष प्रजातान्त्रिक कालमा सबैभन्दा बढी विकास मिडियाले नै गर्‍यो।

नेपाली मिडिया कति व्यावसायिक छ र कति व्यापारिक छ भन्ने कुराको जवाफ अहिले नै खोज्नु अपरिपक्व होला तर मिडियाको प्रवृत्तिप्रति जागरुक हुनु जरुरी छ। नयाँ अखवारहरूको आकर्षक साजसज्जा र उत्पादन प्रविधि तथा विज्ञापनको प्रचुरता सकारात्मक पक्षको रूपमा देखिन्छ, तर तिनले कस्ता एजेण्डा वा मुद्दा पाठक वा राष्ट्रको सामु उठाइरहेछन् भन्ने कुरा बढी महत्वपूर्ण विषय हो। मिडियालाई लोकतन्त्रको हितमा उपयोग गर्न चाहने सबैले यसबारे चासो राख्नु र निगरानी गर्नु आवश्यक छ।

राजनीति वा सत्तामुखी पत्रकारिताको तुलनामा नाफामुखी पत्रकारिता बढी गैर जिम्मेवार र हानीकारक हुनसक्छ भन्ने कुरा बिर्सनु हुँदैन। साथै आमसंचारको बजारमा विदेशी लगानी र विदेशी राजनीतिक स्वार्थको प्रवेशबाट हुनसक्ने खतरालाई पनि इन्कार गर्न सकिँदैन। हाम्रा जनप्रतिनिधिहरू मात्र होइनन् कर्मचारीहरू र अदालत लगायत संबैधानिक निकायहरूमा काम गर्ने व्यक्तिहरू आफूलाई चुन्ने जनता वा आफ्नो कर्तव्यप्रतिभन्दा मिडिया प्रति बढी संवेदनशील भएका घटनाहरू प्रशस्त छन्।

जनताको मत पाएर चुनिएका जनप्रतिनिधिहरू र व्यक्ति वा संस्थाहरूले चलाएका पत्रिकाहरूको जिम्मेवारी एउटै हुन सक्तैन। जनप्रतिनिधिको दायित्व प्रमुख रूपमा आफ्ना मतदाताहरूप्रति हुन्छ। कतिपय अवस्थामा निश्चित निर्वाचन क्षेत्रका जनताको स्वार्थसँग ठूला आकारका राजनीतिक वा व्यापारिक अखबारहरूको रुचि एवं स्वार्थ बाझिन सक्छ। कतिपय अवस्थामा जनप्रतिनिधिहरूले प्रेसको अवज्ञा गरेर काम गर्नुपर्ने हुन्छ। तर प्रेसको आलोचनालाई बेवास्ता गरेर जनताको पक्षमा अडान लिनसक्ने नेताहरू हामीकहाँ कति छन्? मौनता नै परम्परा



भएको, साह्रै प्रतिक्रिया विहीन समाजमा अखबारले जाहेर गर्ने मत कत्तिको जनमत हुन्छ कत्तिको अखबारको आफ्नै मत हुन्छ ?

यस परिप्रेक्षमा पत्रकारिताको मेरुदण्डको रूपमा रहेका पत्रकारहरूको विवेक, पेशाप्रति निष्ठा, नैतिकता र आचारको कुरा महत्वपूर्ण हुन्छ। पत्रकारहरू अखबार मालिकहरूको ढुकुटी भर्ने भरिया बन्ने हो कि जनतालाई सही सूचना दिएर सही निर्णय गर्न सक्षम बनाउने हो ?

प्रेसले राज्य संचालनका तीन वटै अंगको पहरेदारी गर्नुका साथै राज्य संचालनका लागि जनमत सिर्जना गर्ने हुनाले नै प्रजातन्त्रमा प्रेसले चौथो अंगको दर्जा पाएको हो। सही सूचना दिने र जनमत तयार पार्ने काम व्यावसायिक पत्रकारिताले गर्न सक्छ, नाफामुखी पत्रकारिताले गर्दैन। मिडियामा विज्ञापनको प्रभाव बढदै गएको सन्दर्भमा पनि यो खतरा उत्पन्न भएको हो।

अहिलेसम्म हामीले राजनीतिक वा पार्टी पत्रकारिताको खराबी मात्रै देखेका वा भोगेका छौं, व्यापारिक पत्रकारिताको त प्रारम्भ मात्र भएको छ। चाँडै नै यसका परिणामहरू पनि देखिन थाल्नेछन्। यसका दुष्परिणामहरू सकेसम्म घटाउनको लागि पनि मिडियाको लोकतन्त्रीकरण नगरी हुँदैन।

## सूचना प्रविधि र दूरसंचार

"हामी यस्तो युगमा प्रवेश गरिसकेका छौं जहाँ कुनै न कुनै खालका संचार माध्यम प्रयोग गरेर संसारको जनुसुकै भागमा पनि सूचना प्राप्त गर्नसक्छौं। यसमा बाधा केवल आर्थिक र राजनीतिक हो – प्रविधि बाधक छैन।" – आर्थर सी. क्लार्क, संचार भविष्यद्रष्टा।

राजाको प्रत्यक्ष शासनको थालनीसँगै नेपालको इन्टरनेट, इमेल झण्डै एक साता बन्द रह्यो। इन्टरनेटमार्फत हुने बैंक कारोबार लगायत सबै कारोबार बन्द भए। अहिले पनि नेपालसँग सम्बन्धित विषयवस्तु भएका २५ वटा वेबसाइटहरू नेपालबाट हेर्न नसकिने बनाइएको छ। देशभित्रका इन्टरनेट सेवा प्रदायकहरूले सेना र सरकारको आदेशमा वेबसाइट बन्द गर्ने परम्परा लोकतान्त्रिक समाजमा स्वीकार्य हुनसक्तैन।

सूचना तथा संचार प्रविधि (इन्फर्मेसन कम्युनिकेसन टेक्नोलोजी) को विकास बिना अहिलेको विश्वमा कुनै पनि क्षेत्रको विकास सम्भव छैन। नेपालले पाँच वर्षअघि सूचना प्रविधि नीति बनाए पनि यो कागतमा मात्रै सीमित भयो। साइबर कानुन बन्न नसक्दा इन्टरनेटबाट हुनसक्ने अरबौंको कारोबारबाट नेपाल बंचित छ।

सूचना प्रविधिको मूलआधार दूरसंचार हो। अहिले नेपालमा तारसहित र ताररहित गरेर फोनको लाइन दश लाख पुग्न आँटेको छ। अहिले यो सहरी इलाकामा सीमित छ। यसलाई

गाउँमा पुर्‌याउन पाए गाउँमा आर्थिक क्रान्ति हुनसक्छ। मोबाइल फोनको संजाल व्यापक भएपछि चार हजार रूपैयाँमा गाउँमा फोन पुर्‌याउन सकिन्छ। किसानको हातमा मोबाइल फोन हुनुको अर्थ उसले आफूले उत्पादन गरेको तरकारी फलफूल दूध ध्यु बेच्नका लागि घरैबाट भाउताऊ गर्नसक्छ। ठगिनु पर्दैन। उपभोक्ताले पनि उत्पादकबाट ताजा र उचित मूल्यमा ग्रामीण कृषि उत्पादन किन्न पाउँछ । यसै गरी स्थानीय स्थानीय उद्योग र उत्पादनहरुले विश्व बजार पाउनसक्छन् ।

अहिले औसत प्रतिदिन  पाँच सय नेपालीहरू  विदेशमा (भारतबाहेक) रोजगारीको लागि गइरहेका छन् । तिनका परिवारलाई संचो विसंचो घर आउने समय, पैसा पठाउने आदि सूचना चाहिन्छ। मोबाइल फोनबाट गाउँमै बसी यो सुविधा पाउन सकिन्छ। श्रम बजारमा पनि मोबाइल फोनले धेरै फाइदा पुर्‌याउनसक्छ ।

नेपाल दूरसंचारका कर्मचारीहरूले एक दिन मोबाइल फोन बन्द हुँदा झण्डै एक करोडको घाटा भयो भनेर कराउँछन् र मोबाइल फोन संचालन गर्न जोड दिन्छन्। उनीहरू आफ्नो बोनस घटेको कुरामा भन्दा जनताको सूचित हुने अधिकार खोसियो भनेर लडेका भए कति बेस हुन्थ्यो ?

दूरसंचार संस्थानको घोर एकाधिकारवादी प्रवृत्तिले गर्दा आईटीको क्षेत्रमा देशले गर्न सक्ने कतिपय उपलब्धिबाट बंचित हुनुपरेको छ । छिमेकी मुलुकको दाँजोमा सूचना प्रविधिको उपयोगमा हामी धेरै पछि पर्नु परेको छ। लोकतान्त्रिक व्यवस्थामा आईटीका नीति नियम, कानुनलाई सकेसम्म उदार बनाएर जनताको पहुँचमा पुर्‌याउनु परेको छ। प्राविधिक दृष्टिले अहिले नै पनि जतिसुकै दुर्गम गाउँमा पनि घरघरमा मोबाइल फोन पुर्‌याउन संभव छ। आर्थिक दृष्टिले पनि यो अब असंभव छैन। जनतालाई यो लाभबाट बंचित गर्ने बाधक तत्व एकाधिकारवादी, सामन्ती र नाफामुखी सोच मात्रै हो ।

ग्रामीण दूरसंचार विकास कोशमा टेलिफोन र आईटीका उपभोक्ताहरूको करबाट  असुल गरिएको झण्डै पचास करोड रूपैयाँ जम्मा भएको अडकल छ। त्यो रकम जनआन्दोलन दबाउन दुरूपयोग नगरिएको छैन भने तत्कालै गाउँगाउँमा फोन पुर्‌याउन ठोस काम गर्न सकिन्छ। जनमुखी लोकतान्त्रिक चिन्तन र व्यवहारको अभावमा टेलिफोन जस्तो सूचनाको सजिलो सस्तो र नभइनहुने साधनलाई नक्कली अभाव र अनेक हौवा सिर्जना गरेर सीमित वर्गको हितमा उपयोग भएरहेको छ ।

अहिलेसम्मका सरकारले आईटीलाई लाइसेन्स बेचेर आम्दानी गर्ने साधन ठानेको छ । जनमुखी सोचअनुसार परिचालन गरी विद्यमान प्रविधि र स्रोत साधनको सदुपयोग गरियो भने नेपालमा टेलिफोनको मात्रै होइन समग्रमा सूचना प्रविधिको उपयोग, उपभोग, उद्योग र व्यापार ह्वात्तै बढाउन सकिन्छ ।



वास्तवमा लोकतन्त्र भनेको असल शासन हो। शासनको प्रमुख औजार संचार हो। अहिलेको विश्वमा लोकतान्त्रिक शासन पद्धतिका लागि सबैभन्दा उपयुक्त संचार विधि इ गभर्नेन्स हो। सूचना प्रविधिको उपयोग गरेर जनताले आफूले चुनेको प्रतिनिधिलाई आफ्नो नियन्त्रणमा राख्नसक्छ । आफूले तिरेको करबाट तलब खाने राष्ट्रसेवकहरूबाट उचित सेवा पाउनसक्छ। गुनासो पोख्न सक्छ। नेता तथा जनप्रतिनिधिहरूले पनि तत्कालै मतदाताहरूको मत थाहा पाउनसक्छ। अर्कोतिर सरकार र जनसेवी निकायहरूले जनतालाई दिने सेवा र सुविधाहरू इगभर्नेन्सको मदतले दक्षतापूर्वक, प्रभावकारी ढंगले गर्नसक्छ ।

यस्तै गरी इबिजनेश, इकमर्स, इलर्निङ आदि आईटीका अनेकौं औजारहरूको उपयोग गरेर मानिसहरूले व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, कला, संस्कृति आदि सबै क्षेत्रमा फाइदा लिनसक्छन् । नेपालमा उपयुक्त नीति, नियम कानुनको अभावमा तथा सामन्ती र अधिकारवादी सोचका कारणले कल्पवृक्षजस्तो आईटीको उपयोगबाट हामी बंचित छौं । अतः संचारको लोकतन्त्रीकरणको सन्दर्भमा सूचना प्रविधि र दूरसंचार व्यापारको लोकतन्त्रीकरण अति जरुरी छ ।

## मिडियामाथि निगरानी नागरिक समाजको भूमिका

प्रेसको विकास गर्ने उद्देश्यले गठित भए पनि पंचायत कालभरि प्रेस काउन्सिलको काम व्यवस्थाविरोधी पत्रिकालाई दबाउनु रह्यो भने शाही शासनकालमा पनि यसले त्यो भूमिका खेल्न थालेको थियो। बाह्र वर्षे प्रजातान्त्रिक कालमा यसले प्रेसको विकासको लागि भूमिका खेले पनि अरु देशका प्रेस काउन्सिको जस्तो प्रेसले गरेका गल्ती सुन्ने निकायको भूमिका खेल्न सकेन ।

मिडिया कोषमार्फत काठमाडौं उपत्यकाबाहिरका मिडियालाई नयाँ साधन र प्रविधि सम्पन्न बनाउने, नेपाली अखबारहरूलाई सीडीमा सुरक्षित गर्ने जस्ता महत्वपूर्ण तर अरु नै निकायले गर्नु पर्ने काम प्रेस काउन्सिलले गरेकोछ। पत्रिकाको वर्गीकरण पनि यसमाथि लादिएको काम हो ।

लोकतान्त्रिक देशहरूमा मिडियाबाट हुनसक्ने हानी नोक्सानीबाट आमजनतालाई जोगाउनका लागि बलियो निकायको व्यवस्था हुन्छ। कतै यसलाई प्रेस काउन्सिल भनिन्छ भने कतै प्रेस कम्प्लेन कमिसन भनिन्छ। यसमा न्यायविद, संचारविद र नागरिक समाजका प्रतिनिधिहरू हुन्छन्। युरोपका समाजवादी देशहरूमा प्रेस अम्बुड्सम्यानको व्यवस्था गरिएको हुन्छ।

२०५७ सालमा रेडियो सगरमाथाले आफ्नो कार्यक्रमबाट पीडित पक्षको गुनासो सुन्नका लागि आफैले सर्वोच्च अदलतका पूर्वन्यायाधीश त्रिलोकप्रताप राणाको अध्यक्षतामा रेडियो अम्बुड्सम्यान गठन गरेको थियो । प्रेस काउन्सिलको कार्यक्षेत्रभित्र विद्युतीय आमसंचार माध्यमहरू नपरेको कारणले नै रेडियो सगरमाथाले रेडियो अम्बुड्सम्यानको व्यवस्था गरेको

हुनुपर्छ । रेडियो सगरमाथाको यो वाध्यता होइन सदाशयता थियो । तर आफ्नो विरुद्ध उजुरी सुन्ने र पुर्पक्ष गर्ने व्यक्ति वा निकायको चयन अफैले गर्नु प्राकृतिक न्याय सिद्धान्तसँग मिल्दैन । यसको लागि स्वतन्त्र र आत्मनिर्भर व्यवस्था वा निकाय हुनु पर्छ ।

अम्बुड्सम्यानको प्रारम्भ स्विडेनमा सन् १८०९ मा भएको हो । यसको सामान्य अर्थ हो सरकार वा संसदद्वारा मनोनित त्यस्तो व्यक्ति जसले सरकार वा सार्वजनिक पदमा बसेका व्यक्तिको विरुद्धमा जनसाधारणले गरेको उजुरी सुन्छ र छानबीन गर्छ । सुरुमा यसको काम न्यायाधीशहरू, निजामती कर्मचारीहरू र सैनिक अधिकृतहरूले देशको ऐन कानुन पालन गराउन कत्तिको सकेका छन् भनी रेखदेख गर्ने काममा संसदलाई सघाउनु थियो । अहिले त्यहाँ विभिन्न उत्तरदायित्व बोकेका अम्बुड्सम्यानहरू छन् । जस्तै संसदीय अम्बुड्सम्यान, उपभोक्ता अम्बुड्सम्यान, समान अधिकार अम्बुड्सम्यान, जनजातिगत भेदभाव विरुद्ध अम्बुड्सम्यान, बालबालिकाहरूको अधिकार हेर्ने अम्बुड्सम्यान र प्रेस अम्बुड्सम्यान ।

स्विडेनको प्रेसले स्वेच्छाले आफैले आफैलाई अनुशासित बनाउन प्रेस अम्बुड्सम्यानको व्यवस्था गरेको छ । यो कुनै कानुनले बाँधिएको छैन । यो पूर्णतया स्वेच्छिक र स्वबलम्बी छ । यसको खर्च प्रेससँग संबंधित तीन वटा संस्थाहरूले व्यहोर्छन् । यसको स्थापना सन् १९१६ मा नेसनल प्रेस क्लब, युनियन अफ जर्नलिस्ट र न्युजपेपर्स पब्लिसर्स एसोसिएसनले मिलेर गरेका थिए । यसलाई विश्वकै सबैभन्दा पुरानो न्यायाधिकरण (ट्राइब्युनल) मानिन्छ । यसको अध्यक्षता न्यायाधीशले गर्छ । सदस्यहरूमा संस्थापक सदस्य संस्थाहरूको एकएक जना प्रतिनिधि र आम जनताबाट दुई जना हुन्छन् । ती दुई जनाको कुनै प्रकाशन संस्था वा पत्रकारिता संबंधी संस्थासँग कुनै हित गाँसिएको हुनु हुँदैन । यो अरु देशको प्रेस काउन्सिलजस्तै हो ।

प्रेसमा प्रकाशित सामग्रीले पत्रकारिताको व्यावसायिक धर्म वा आचार संहिता उल्लंघन गरेको लागेमा पीडित पक्षले मात्रै होइन जसले पनि संबंधित मिडिया विरुद्ध प्रेस अम्बुड्सम्यानसमक्ष उजुर गर्न सक्छ । उजुर गरे बापत कुनै शुल्क तिर्नु पर्दैन । प्रेस अम्बुड्सम्यानमा उजुरी दिए पनि अदालती कार्वाहीलाई यसले बाधा पार्दैन ।

कुनै पनि संचार माध्यमलाई निष्पक्ष तथा हानीरहित बनाउनको लागि स्वतन्त्र र स्वेच्छिक सुनुवाइ वा पुर्पक्ष गर्ने व्यवस्था हुनु अति महत्वपूर्ण हुन्छ । यसले जनताको अधिकारलाई सुरक्षित राख्न सघाउँछ । विश्वव्यापी रूपमा आमसंचारको व्यापारीकरण भइ रहेको र सानासाना संचार संस्थाहरूको विलय भई मिडिया टाइकुन जन्मनलागेको आजको सन्दर्भमा जनताको मर्का सरल र सहज ढंगले सुनुवाई हुने स्वतन्त्र निकायको आवश्यकता छ । यस्तो निकायको गठन सरकारले होइन संसदले गर्ने व्यवस्था हुनुपर्छ । यसमा न्यायविद, संचारविद र नागरिक समाजका प्रतिनिधिहरू हुनुपर्छ । त्यस्तो निकाय स्वतन्त्र, स्वशासित र आत्मनिर्भर हुनैपर्छ ।



## आमसंचार चेतना (मिडिया अवेयरनेस)

मानिसहरू, खास गरी बालबालिका र किशोरहरू टेलिभिजन र सिनेमाको पर्दामा देखिने दृश्य र घटनाहरूलाई साँच्चैको ठान्छन् । जसले गर्दा नक्कल गर्नेहरू दुर्घटनामा परेर ज्यानसमेत गुमाउन बेर लाउन्न । टेलिभिजन, सिनेमा लगायत आमसंचारका कार्यक्रमहरू किन, कसका लागि र के उद्देश्यले उत्पादन र प्रसारण गरिन्छ । त्यस्ता कार्यक्रमहरूलाई आकर्षक र विश्वासिलो बनाउन कस्ताकस्ता ट्रिक, छल र प्रविधिहरू प्रयोग गरिन्छन भन्ने कुरा धेरैलाई थाहा हुँदैन ।

हामीकहाँ मिडियालाई आलोचनात्मक दृष्टिले हेर्ने र विश्लेषण गर्ने परम्परा सुरु भएको छैन । हाम्रा विद्यालयहरूमा आमसंचार शिक्षा (मिडिया एजुकेसन) सुरु भएको छैन । आमसंचार संचार शिक्षा (मिडिया एजुकेसन) भन्ने बित्तिकै पत्रकारिता भनेर बुझ्ने गरिन्छ । तर आमसंचार शिक्षाको उद्देश्य पत्रकारिताको शिक्षा दिनु होइन । यसको उद्देश्य मिडियालाई आलोचनात्मक दृष्टिले हेर्नु हो जसले जनतालाई आमसंचारको दुष्प्रभावबाट बचाउन र आमसंचार माध्यमहरूको उत्पादन र वितरण अथवा आमसंचार उद्योगको नालीबेलीसँग परिचित हुन सघाउँछ ।

लोकतन्त्रमा मिडिया स्वतन्त्र हुने हुनाले उपभोक्ताहरूमा मिडियालाई आलोचनात्मक दृष्टिले हेर्नसक्ने क्षमता विकसित गर्नु अति अवश्यक छ । शिक्षा र सिकाइको मुख्य माध्यम टेलिभिजन भएको आजको अवस्थामा बालबालिकाको पहिले गुरु टेलिभिजन हुने हुँदा त्यसले दिने कार्यक्रमबारे अभिभावकहरू सचेत हुनैपर्छ ।

त्यस्तै कुनै मिडियाले लोकतन्त्रको पक्षमा काम गरिरहेको छ कि विरोधमा काम गरिरहेको छ भन्ने बुझ्न पनि मिडिया चेतना आवश्यक छ । सारमा लोकतन्त्रमा मिडियालाई स्वतन्त्र साथै जिम्मेवार बनाउने काममा पनि सचेत जनताको खबरदारी महत्वपूर्ण हुन्छ ।

## क्षेत्रीय मिडिया

नेपालको भौगोलिक, सामाजिक, भाषिक, सांस्कृतिक आदि विविधता तथा आर्थिक, शैक्षिक पाछौटेपनले गर्दा विभिन्न स्थानमा बस्ने विविध समुदायको सूचना आवश्यकता र संचारका साधनहरूको उपयोग गर्ने क्षमता पनि फरक छ । कुनै एक केन्द्रबाट उत्पादित वा संचालित संचार माध्यम, कार्यक्रम वा विषयवस्तु सबै ठाउँका लागि समान रूपमा उपयोगी हुँदैन । रेडियो नेपालको अनुभवबाट पनि यो सिद्ध भइसकेको छ । यसैले हामीकहाँ क्षेत्रीय, स्थानीय (मोफसल भनिने) स्तरमा संचालित अखबार, रेडियो र टेलिभिजनको महत्व छ ।

अहिले विश्वमै मिडियाको विकेन्द्रीकरण, लघुकरण (डिमासिफिकेसन) को महत्व बढेको छ । सूचना प्रविधिले गर्दा पनि विशाल संचार संरचनाको महत्व र आवश्यकता घट्ने

संभावना देखिन थालेकोछ । ठूला मिडिया संरचना धान्न नसकिने र एकाधिकारबादी प्रवृत्तिले काम गर्ने हुनाले पनि साना, स्थानीय मिडियाको महत्व राजनीतिक र आर्थिक दृष्टिले बढेको हो ।

नेपालमा हाल काठमाडौँ उपत्यकाबाहिर दर्ताभएका र जिल्ला सदरमुकाम तथा साना सहरी क्षेत्रबाट प्रकाशित हुने अखबारहरूको अवस्था दयनीय छ । वितेका दश वर्षमा द्वन्द्वको मार सबैभन्दा बढी तिनै अखबार र जिल्लामा बसेर काम गर्ने पत्रकारहरूमाथि परेको थियो । मारिने र विस्थापित हुनेमा जिल्लाकै पत्रकार थिए । संकटकालमा बंद हुने पत्रिका पनि जिल्लाकै थिए ।

जिल्लाबाट निस्कने अधिकांश पत्रिका पत्रकारहरूको त्याग र मिसनले चलेका छन् । त्याग र मिसनको कुनै मूल्य तोक्न सकिन्न तर स्थानीय मिडियालाई सघाउने सवालमा जहिले पनि मिडियाको केन्द्रितावादी सोचले भाँजो हालेको देखिन्छ ।

स्थानीय रेडियो, स्थानीय टेलिभिजन, टेलिसेन्टरजस्ता आधुनिक माध्यमहरूले ग्लोबल मिडियाप्रतिको आकर्षण र प्रभाव घटाउन र स्थानीय संस्कृति जोगाउन पनि महत्वपूर्ण भूमिका खेल्छन् । वास्तवमा लोकतन्त्रलाई दिगो बनाउनकालागि स्थानीय मिडियाको भूमिका अतुलनीय छ । तिनको विकासमा जनताले ध्यान दिनुपर्छ । यसको लागि विशेष नीति, कार्यक्रम, योजना बनाउनु जरुरी छ ।

## स्वतन्त्र रेडियो र मोबाइल फोनको विशेष भूमिका

“सूचना/ज्ञान फैलाउने र राष्ट्रिय सहमति सिर्जना गर्ने काममा रेडियोको तुलना अरु माध्यमसँग हुनसक्तैन । यदि म कुनै विपन्न देशको अधिनायक भएको भए भए मैले निश्चय नै रेडियोलाई प्राथमिकता दिने थिएँ । मसँग भएको सबैभन्दा उत्तम स्रोत साधन यसकै लागि लगाउने थिएँ ।” – आर्थर सी. क्लार्क, संचार भविष्यद्रष्टा

नेपालको भौगोलिक बनावट, असाक्षरता, विपन्नता, भाषिक, जातीय तथा सांस्कृतिक विविधताका कारणले पनि नेपालका लागि सबैभन्दा उपयुक्त संचार माध्यमताररहित माध्यम अर्थात् रेडियो र ताररहित फोन हो । रेडियोको अपार क्षमता र प्रभावकै कारण २०५८ सालदेखि सुरु भएको प्रतिगमनको प्रहार स्वतन्त्र रेडियोमाथि हुनथाल्यो । राजाको प्रत्यक्ष शासन पछि रेडियोमाथि जुन उग्र, निर्लज्ज र डकैती शैलीको हमला भयो त्यो अहिले अविस्मरणीय इतिहास बनेको छ ।

हुन त अधिनायकवादी सत्ताले कुनै पनि खालको स्वतन्त्र मिडियालाई सहन्न, तैपनि शाही सत्ताको प्रहारको निसाना रेडियो पछि मोबाइल फोनमाथि भयो । जनतालाई सूचित गर्न र



विरोध सभा, प्रदर्शनहरूमा उतार्न मोबाइल फोनले खेल्ने महत्वपूर्ण भूमिका नेपालमा पनि स्पष्ट भयो । शाही सत्ताको १५ महिनामा चार पटक मोबाइल फोन बन्द गरियो ।

जनआन्दोलनको दौरानमा सरकारी मिडियाले फैलाएको भ्रम तोडन स्वतन्त्र रेडियोहरूले महत्वपूर्ण भूमिका खेलेका थिए ।

भविष्यमा पनि नेपालका लागि सबैभन्दा सस्तो, सजिलो र प्रभावकारी संचार माध्यम रेडियो र मोबाइल फोन नै हुनेछ । यसैले लोकतान्त्रिक नेपालमा रेडियो र दूरसंचारको लोकतन्त्रीकरणमा विशेष ध्यान दिनु आवश्यक छ ।

## टीभी, केबुल टीभी, स्याटेलाइट टीभी र स्थानीय टीभी

दोस्रो जनआन्दोलनमा नेपालमा भएका बर्बर दमनका दृश्यहरू विश्वका प्रमुख टेलिभिजनमा प्रत्यक्ष रूपमा नदेखाइएको भए नेपालको लोकतान्त्रिक आन्दोलनमा विश्वको जनमतको यति उत्साहवर्द्धक समर्थन र सहयोग आउनु संभव थिएन । नेपालभित्रै पनि टेलिभिजनमा सडकमा सुरक्षा फौजले गरेको अत्याचारलाई देख्न नपाएको भए सामन्ती सत्ताको विरुद्ध जनता यसरी ओर्लने थिएनन् । कुनैपनि अधिनायकादी सत्ताको भण्डाफोर गर्न र जनतालाई त्यसविरुद्ध उतार्न टेलिभिजन अति प्रभावकारी माध्यम साबित भइसकेको छ । तरबारभन्दा कलम शक्तिशाली हुन्छ भनिन्छ । तर क्यामेरा कलमभन्दा धेरै गुना शक्तिशाली हुन्छ भन्ने नेपालको जनआन्दोलनमा पनि सिद्ध भएको छ ।

संचार भूउपग्रहको र सूचना प्रविधिमा भएको अभूतपूर्व विकासले गर्दा अहिले विश्वका कुनै पनि घटना टीभी र कम्प्युटरमा तुरुन्तै हेर्न सकिन्छ । हलिउडमा बनेको फिल्म २४ घंटाभित्र कुनै पनि देशको स्थानीय भाषामा उल्था गरेर सिनेमा हल वा कम्प्युटरमा हेर्न सकिन्छ । जादूको बाकस भनिने टेलिभिजन अहिले संसारका सबै वर्गका मानिसहरूको आकर्षणको वस्तु बनेको छ । सूचना, शिक्षा, मनोरंजन र चेतना जगाउने काममा यो सबैभन्दा प्रभावकारी माध्यम हो ।

तर यो शक्तिशाली, प्रभावकारी माध्यमका बेफाइदाहरू पनि छन् । यसले समाजमा सांस्कृतिक विचलन बढाउँछ । नेपालको लागि यसको अर्को बेफाइदा के छ भने नेपालका स्वदेशी टीभी च्यानलहरू सीमित छन् । हिन्दी भाषा नेपालीहरूले सजिलैसँग बुझ्न सक्ने हुनाले तराइमामात्र होइन हिमाली गाउँहरूमा पनि हिन्दीभाषी टेलिभिजन कार्यक्रमको प्रभाव बढिरहेको छ । यसले भाषा र संस्कृतिमा मात्रै प्रमाव पार्दैन, उल्लेखनीय रूपले अर्थतन्त्रमाथि पनि प्रभाव पार्छ ।

एकातिर स्याटेलाइट टीभीका कार्यक्रम पुनः प्रसार गरेबापत केबुल कम्पनीहरूले करोडौँ रूपैया विदेशी च्यानलहरूलाई तिर्नुपर्छ भने अर्कोतिर ती च्यानलले प्रसार गर्ने विज्ञापनबाट प्रभावित भएर विदेशी उत्पादनप्रति आकर्षण बढ्छ । नेपाली उत्पादकहरूले पनि स्वदेशी च्यानलहरूभन्दा विदेशी च्यानलबाट विज्ञापन प्रसार गर्ने प्रवृत्ति बढ्नसक्छ । यसरी देशको अर्थतन्त्रमा यसले प्रभाव पार्छ। यसैले यो विषयमा विदेशी टेलिभिजन उत्पादक कम्पनीहरूसँग नेपालका विभिन्न कम्पनीहरूले आआफ्नो तरिकाले डिल र सम्झौता गर्नुभन्दा सरकारले नै डिल गरे देश र जनताको हित हुने कुरा निश्चित छ ।

टीभी कार्यक्रम वितरण (पुनः प्रसार) गर्ने केबुल कम्पनीहरूको भूमिका यसको अर्को पक्ष हो । स्वदेशी च्यानलहरू निःशुल्क भए पनि केबुल कम्पनीहरूले स्वदेशी च्यानल प्रसार नगर्नसक्छ। नेपालमा स्पेस टाइम केबुल कम्पनीदे नेपालको आधाभन्दा धेरै ग्राहककहाँ टीभी कार्यक्रम वितरण गर्छ। केबुल सर्भिसमा त्यसको एकाधिकारजस्तै छ। कान्तिपुर टेलिभिनलाई त्यसले आफ्नो केबुलबाट प्रसार नगर्दा ठूलो विवाद उत्पन्न भएको थियो । ग्राहकको चाहना र मागलाई वास्तै नराखी कुनै पनि केबुल कम्पनीले कुनै पनि टीभी च्यानल प्रसार गर्ने र रोक्ने गरेका छन् । कतिपय अवस्थामा परिवारमा सँगै बसेर हेर्नै नसकिने कार्यक्रम पनि ग्राहकको चाहनाबिना प्रसार भइरहका हुन्छन् । विदेशी च्यानलहरूबाट प्रसारहुने अनावश्यक कार्यक्रममात्रै होइन विज्ञापन पनि रोक्ने र विदेशी विज्ञापन प्रसार हुने समयमा स्वदेशी विज्ञापन प्रसार गरेर ग्राहकलाई आर्थिक बोझ कम गर्न सकिने व्यवस्था कतिपय देशमा छ । नेपालमा पनि त्यस्तो व्यवस्था लागू हुनुपर्छ ।

ग्राहकले चाहेको च्यानलमात्रै हेर्ने र हेरेको च्यानलको मात्रै पैसा तिर्ने व्यवस्था, कन्डिसनल एक्सेस सस्टिम (कास) लागू गर्नका लागि विगतको सरकारले प्रयास गरेको भए पनि त्यसको प्रयोग नेपालमा उल्टो तरिकाले अर्थात ग्राहकलाई बोझ थप्ने कदमको रूपमा लागू भएको देखिएको छ । नेपालका ग्राहकको अर्थतन्त्र र केबुल कम्पनीहरूको विद्यमान उपकरणले धान्दैन भने त्यो प्रणाली लागू गरिनु हुँदैन ।

अहिले दुर्गम जिल्लाका सदरमुकाम र ठूला बस्तीहरूमा पनि डिस्क एन्टेना राखेर धेरै घरमा केबुल बाँडेर स्याटेलाइट टीभी हेर्ने चलन बढिरहको छ । यस्ता केबुल टीभीहरूमा स्थानीय कार्यक्रम पनि प्रसार हुने गरेका छन् । स्थानीय टेलिभिजनका नामले संचालित यस्ता टीभीले स्थानीय संस्कृति, गौरब बढाउन र विदेशी संस्कृतिको प्रभाव घटाउन सघाउनसक्छन् । यस्तो अभ्यासलाई सकेसम्म प्रोत्साहित गर्नुपर्छ ।

## श्रमजीवी पत्रकारको हकहित र वृत्ति विकास

सिकर्मीको घरमा लिस्नो हुँदैन भन्ने उखान छ । त्यस्तै अरुको अधिकारका लागि मरिमेटने पत्रकारहरूको आफ्नै हक हितको टुँगो छैन । श्रमजीवी पत्रकार ऐन कागतमा सीमित छ । मिडिया हाउसबाट अनियमिततापूर्वक निकालिएका पत्रकारहरूले अदालतमा उजुर गरेर जागिरमा फर्केको वा हर्जाना पाएको घटना शायद एउटा पनि छैन ।

आन्तरिक द्वन्द्वको बेलामा पत्रकारहरूले ज्यान हत्केलामा राखेर रिपोर्टिङ गरे । तर करोडौँ रूपैयाँ लगानी गरेर चलेका कतिपय मिडिया संस्थाहरूले अन्तर्राष्ट्रिय मान्यता र प्रचलनको विपरीत आफ्ना संवाददाताहरूको जीवन तथा स्वास्थ्य बिमा गरेका छैनन् । दोस्रो संकटकालमा केही मिडिया हाउसको व्यापारिक तथा नाफामुखी नियत स्पष्ट भयो ।

रेडियोमा समाचार बजाउन नपाउने बित्तिकै सैयौँ पत्रकार बेरोजगार भए । कतिपय रेडियो स्टेसन मालिकहरूले प्रजातन्त्र र जनताको सुसूचित हुने अधिकारका लागि रेडियो चलाएका रहेनछन्, केबल नाफाका लागि चलाएका रहेछन् भन्ने स्पष्ट देखियो । केही स्टेसन मालिकले त पत्रकारलाई पुनर्वहाली गर्दा परेको घाटाको हर्जाना रकम बुझेर लिए । लाखौँ नाफा कमाउने मिडिया मालिकहरू दुईचार जना पत्रकारको केही महिनाको खर्च धान्न पनि हिच्किचाए ।

अहिलेसम्मको अनुभवबाट नेपालमा पत्रकारिता युवा पत्रकारहरूको पत्रकार बन्ने, नाम कमाउने रहरमा चलेको देखिन्छ । मिडिया हाउसहरूले पनि युवाहरूको यो चाहनाबाट सकेसम्म फाइदा लिएका छन् । नियुक्तिपत्र, निश्चित पारिश्रमिक, पर्याप्त सुविधालाई वास्तै नगरी रहरमा बनेका पत्रकारहरूले वास्तविक श्रमजीवी पत्रकारहरूको हकमा बाधा पारेको देखिन्छ ।

पत्रकारिता गर्नका लागि शिक्षा र तालिम अनिवार्य गर्नुका साथै पारिश्रमिक, जागिरको ग्यारेन्टी लगायत प्रचलित श्रमकानुनअनुसारको सुविधा चाहिन्छ । तर अधिकांश पत्रकार हरूले, खास गरी जिल्लामा काम गर्ने पत्रकारहरूले कारखानामा काम गर्ने मजदूरको जति जागिरको ग्यारेँटी, पारिश्रमिक र सुविधा पाएका हुँदैनन् । यस्तो स्थिति जिम्मेवार, विश्वसनीय पत्रकारिताको आशा गर्नु कल्पनाजस्तो हुन्छ ।

पत्रिकारितामा पूरै समय लागेर यसैबाट गुजारा चलाउन सक्ने पत्रकारहरूको संख्या काठमाडौँ उपत्यकाबाहिर कमै छ । व्यावसायिक शिक्षा र तालिमबाट बंचित पत्रकारहरू पनि जिल्लामा नै धेरै छन् । जिल्लाका पत्रकारहरू नै द्वन्द्वमा दुबै पक्षबाट सबैभन्दा पहिले र धेरै पीडित हुन्छन् ।

मिडियालाई लोकतन्त्रीकरण गर्नका लागि कलम र क्यामेराका सिपाहीहरूको पेशाको ग्यारेन्टी, उचित पारिश्रमिक, बिमा लगायत प्रचलित कानुनअनुसारको सुविधा पाउने व्यवस्था हुनुपर्छ । यस सम्बन्धमा राजधानीबाहिरका पत्रकारहरूको वृत्ति विकासलाई बढी ध्यान दिइनुपर्छ ।

## उपेक्षित वर्ग, समुदायको सहभागिता

कुनै बिस्कुट उत्पादन कम्पनीमा महिलाले काम गर्नु र मिडियाको उत्पादन गर्ने काममा सहभागीहरू बिल्कुलै फरक कुरा हो। मिडिया दिमागी खुराक हो जसले मानिसको चिन्तन र व्यवहारलाई डोर्‍याउँछ। यसले जनमत सिर्जना गर्छ। यसैले समाजमा हजारौँ वर्षदेखि उपेक्षित, पाखा पारिएका महिला, दलित, जनजाति समुदायलाई माथि उठाउनका लागि उनीहरूको हितमा मिडियाले काम गर्नुपर्छ। यो काम अरु वर्ग वा समुदायका मानिसले भन्दा संबंधित वर्गकै मानिसले प्रभावकारी ढंगले गर्नसक्छन्। त्यस्तै मिडियामा जस्तो तरिकाले उपेक्षित वर्गका बारेमा चित्रण र प्रस्तुत गरिन्छ त्यसले उनीहरूलाई झन उपेक्षित र पीडित बनाउँछ।

लोकतन्त्रमा सबै वर्ग, समुदायको समान अधिकार र समान विकास कायम गर्न उपेक्षित वर्गलाई मिडियाको नीति निर्माण तहमा सहाभागी/समावेश गर्नु अनिवार्य छ।



# लोकतन्त्रीकरण कसरी

नेपाली मिडिया, समग्रमा संचार क्षेत्रलाई लोकतन्त्री करण गर्नका लागि गर्नुपर्ने कामहरुमध्ये सबैभन्दा पहिलो काम त नीति निर्माण नै हो। २०४७ सालमा उदार राष्ट्रिय संचार नीति आए पनि पंचायत कालमा बनेका अनुदार र नियन्त्रणकारी ऐन नियमहरु कायमै रहे। नयाँ सरकारमा जानेहरुले पनि पुरानो ऐन कानुन नै आफ्नो लागि सुरक्षित ठाने। आन्तरिक सशस्त्र द्वन्द्व चर्कँदै गएपछि विद्रोहीलाई दबाउने नाममा मिडियामाथि पनि अनुदार काननी बाधाहरु आउन थले। शाही सत्ताले त बाकीताकी स्वतन्त्रता पनि हरण गरेर मिडियाको घाँटी ने निमोठ्न खोज्यो।

अबको लोकतन्त्रमा बन्ने सरकारले मिडियाको स्वतन्त्रता हरण नगर्ने र जनताको हातमा संचार शक्ति राखिदिने काम गर्नुपर्छ। यसको लागि संविधानदेखि नीति र कानुन बनाउने तहसम्म विभिन्न काम गर्नुपर्ने हुन्छ। मिडियाको स्वतन्त्रता र जनताको संचार अधिकारको सवालमा कुनै पनि तहमा चुक्नु हुँदैन।

## नीतिगत प्रयास

पहिलो जनआन्दोलनको सफलताको लगत्तै नरहरि आचार्यको संयोजकत्वमा गठित कार्यदलले राष्ट्रिय संचार नीति तर्जुमा गरेको थियो। सो नीतिको पूरै कार्यान्वयन नभएता पनि बाह्र वर्षे प्रजातान्त्रिक कालमा नेपालको मिडियामा अभूतपूर्व परिवर्तन ल्याइदियो। त्यसले दक्षिण एशियामै पहिलो पटक जनताको हातमा रेडियो तरंग दियो। फलस्वरूप देशभरि झण्डै पचास वटा स्वतन्त्र रेडियो संचालन भए। चार वटा स्वदेशी टेलिभिजन च्यानलले प्रसारण गर्ने अवसर पाए।

दोस्रो जनआन्दोलनको उपलब्धिलाई जोगाउँदै जनभावना अनुकूल लोकतन्त्रिक पद्धतिमा जानका लागि उपयुक्त संचार नीति, ऐन कानुन बनाउनका लागि सरकारलाई सघाउन सकेसम्म चाँडो लोकतान्त्रिक संचार नीति तर्जुमा गर्ने समिति वा कार्यदल बन्नु आवश्यक छ। लोकतान्त्रिक संचार नीति बनाउनका लागि न्यायविद, संचारविद, सूचना प्रविधिविद, नागरिकसमाजका प्रतिनिधि, नेपाल पत्रकार महासंघ, मिडिया संचालकहरू भएको टोली बनाउनु जरुरी छ ।

विगत पन्ध्र वर्षको अनुभव, यसबीच बनेका छापा तथा इलेक्ट्रोनि मिडिया, दूरसंचार, आईटी, सरकारी संचार निकायहरू सम्बन्धी ऐन, नियम, परिपत्र र व्यवहारको प्रभावलाई अध्ययन गर्नुपर्छ। साथै मिडियाका विभिन्न विषयमा सुझाव दिन गठन भएका झण्डै एक दर्जन समिति, कार्यदलहरूले पेश गरेका प्रतिवेदनहरूलाई पनि पुनरावलोकन गर्नु पर्छ।

यस सन्दर्भमा सर्वांगीण विकास अध्ययन केन्द्र (आईआईडीएस) ले २०५३ सालमा गरेको अध्ययन पनि उल्लेखनीय छ । उक्त अध्ययनको प्रतिवेदन "जनसंचार र प्रजातन्त्रीकरण नेपालको सन्दर्भमा एक अध्ययन" मा पहिचान गरिएका कतिपय विषय/समस्याहरू र त्यसले सिफारिस गरेका धेरै विषयहरू अहिले पनि सान्दर्भिक भएको हुँदा त्यसको पनि अध्ययन हुनपर्छ ।

## प्रतिनिधि सभाको गतिविधिमा जनता/प्रेसको पहुँच

दोस्रो जनआन्दोलनको सफलतासँग प्रेसले प्रतिनिधि सभामा पहुँच पाएको छ । यो एउटा उपलब्धि हो किन भने जनताले आफ्ना वारेसहरूले के गर्दैछन् भन्ने कुरा जान्न पाउनुपर्छ । तर संसदभित्र पत्रकारहरू र टेलिभिजन क्यामेरा टोलीको भीड भयो भने संसदको काममा बाधा पुग्नसक्छ । यसको लागि लोकतान्त्रिक मुलुकका संसद कक्षहरूमा स्थायी व्यवस्था गरिएको हुन्छ जसमा संसदभित्र जडिएका क्यामेराहरूले न्यारोकास्टिङ गरेर संसदबाहिर को पत्रकार कक्षमा देखाउने र त्यसैबाट अरु टेलिभिज च्यानलले हुक गर्ने व्यवस्था हुन्छ ।

## आमसंचार र पत्रकारिता शिक्षा

बितेका बाह्र वर्षमा पत्रकारहरूलाई दक्ष बनाउनका लागि धेरै तालिम संचालन भए । पाँच हजार भन्दा धेरै मानिस ले पत्रकारिताको तालिम पाए होलान् । कुनै पनि पेशामा दक्षता बढाउनका लागि तालिम दिनु राम्रो उपाय हो तर यो दक्ष र व्यावसयिक पत्रकारहरूको अभाव भएको बेलामा अपनाइने काम चलाऊ उपाय हो । वास्तवमा पत्रकारहरुलाई व्यावसायिक रूपले दक्ष र प्रतिवद्ध बनाउन र योग्य पत्रकारहरूलाई आफ्नो क्षेत्रमा टिकाइराख्न पत्रकारिताको एकेडेमिक शिक्षा नै उपयोगी र प्रभावकारी हुन्छ ।

नेपालमा आमसंचार र पत्रकारिता शिक्षा दिने क्याम्पसहरूलको संख्या बढेको छ । स्नातकोत्तर स्तरमा पनि आमसंचार र पत्रकारिता कक्षा सुरु भइसकेको छ । तीन वटै विश्वविद्यालयले आमसंचार र पत्रकारिता शिक्षा सुरु गरिसकेका छन् । तर यो शिक्षालाई आधुनिक, आईटीसँग मिल्ने, देशको आवश्यकता र अहिलेको सन्दर्भमा लोकतन्त्रका लागि अनुकूल बनाउनु आवश्यक छ । आमसंचार र पत्रकारिता शिक्षा संचालन गर्ने संसाहरूबीच समन्वयको पनि अभाव देखिन्छ ।

## जनताको हातमा संचार शक्ति

अहिलेका मानिसहरू समाचार र सूचनाका लागि अखबार, रेडियो वा टेलिभिजन पर्खेर बस्दैन । उसलाई इच्छा लाग्ने बित्तिकै फोनबाट समाचार पाउनसक्छ । मोबाइल फोनले समाचार र सूचना पाउने कामलाई औंलाको खेल बनाइदिएको छ । मोबाइल फोनबाट निरन्तर ताजा समाचार वितरण गर्ने व्यवस्था आउँदैछ । इमेल इन्टरनेटबाट यो सुविधा छँदैछ ।

जनआन्दोलनको दौरानमा नेपालभित्र र नेपालबाहिर बस्ने नेपालीहरूले आन्दोलनको ताजा समाचार दिन र राजतन्त्र र लोकतन्त्रबारे शिक्षित बनाउने खालका वेबसाइट र ब्लगहरू सुरु गरेका छन् । राजधानीबाहिरबाट पनि समाचारको ब्लग सुरु भएको छ । कल्पनाशील दिमाग भएको मानिसले आफैले वेबसाइट बनाएर वा ब्लग संचालन गरेर अनलाइन पत्रिका चलाउनसक्छ । डिजिटल रूपमा भएका पाठ्य, स्वर र भिडियो सामग्रीको नक्कल, पुनरुत्पादन, भण्डारण, प्रशोधन र पुनः प्रसारण गर्न सजिलो, सस्तो र छिटो भएकोले पनि युवा र विद्यार्थीहरू यसमा आकर्षित भएका छन् ।

यो नयाँ माध्यमबाट आफ्नो विचार लेख्य, स्वर र चलचित्रको रूपमा पठाउन सजिलो भएको कारणले अब यो प्रविधि जान्ने व्यक्तिलाई अनलाइन पत्रकार बन्न बाधा छैन । इन्टरनेट जोडिएको हरेक कम्प्युटर प्रसारण केन्द्र बन्नसक्छ । त्यस्तै मोबाइल फोनमा एसएमएसबाट जसले पनि आफ्नो कुरा सजिलैसँग हजारौं मानिसहरू समक्ष पुर्‍याउनसक्छ । यो स्थिति साँच्चैनै जनताको हातमा संचार शक्ति पुग्नसक्ने स्थिति हो । यो शक्तिको उपयोग गरेर गाउँगाउँमा आर्थिक क्रान्ति मात्रै होइन विचारको खुला आदानप्रदान पनि गर्न सकिन्छ जसले अधिनायकवादी चिन्तन र व्यवहारलाई फस्टाउन दिंदैन ।

यस कारण अनलाइन प्रविधि, मोबाइल फोनबाट समाचार, इमेल, इन्टरनेट प्राप्त गर्न र प्रेषित गर्न सकिने प्रविधिलाई नियम कानुनको दायरामा ल्याएर साँगुर्‍याउनु हुँदैन । अनलाइन उपयोग कर्ताहरूको बढ्दो जमात लोकतन्त्रलाई दिगो बनाउने शक्तिशाली जमात हो । यो जमातलाई सकेसम्म बढ्न दिनुपर्छ ।

## गाउँगाउँमा सूचना केन्द्र

सहरको सूचना आवश्यकता र गाउँको सूचना आवश्यकता बेग्लाबेग्लै हुन्छ । गाउँलाई चाहिने सूचना भन्ने बित्तिकै खेतीपाती, पशुपालन र कृषि बजारलाई लिने गरिन्छ । तर अहिले गाउँगाउँबाट युवाहरू काम र शिक्षाका लागि विदेश र स्वदेशका सहरहरूमा फैलिएका छन् । उनीहरूको परिवारलाई उनीहरूको बारेमा चाहिने सूचनाले अहिले गाउँको सूचना आवश्यकतामा प्रमुख ठाउँ लिएको छ । यसका लागि गाउँमा टेलिसेन्टरको स्थापना गर्नुपर्छ । गाविस, विद्यालय, क्लब, सामुदायिक संस्था आदि स्थानीय निकायलाई टेलिसेन्टर खोल्न प्रोत्साहित गर्नुपर्छ । त्यस्ता टेलिसेन्टरले मालपोत, टेलिफोन, पानी बिजुलीको महसुल, बिमा शुल्क तिर्ने, विदेशमा काम गर्नेले पठाएको रकम बुझाउने, जन्म, मृत्यु दर्ता, बसाइसराइ जस्ता आधारभूत सरकारी र गैरसरकारी नियायबाट प्रदान गरिने सेवा प्रदान गर्नुपर्छ ।

## सरकारी मिडियाको लोकतन्त्रीकरण

सरकारी मिडिया - गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन - लाई सरकारको नियन्त्रणबाट मुक्त गरी जनताले सिधै चुनेको जनप्रतिनिधिहरू/संसदको अधीनमा रहने गरी जनहितकारी (पब्लिक सर्भिस), नाफा नकमाउने स्वशासित मिडियाको अवधारणाअनुसार चलाउनु उपयुक्त देखिन्छ । निजीकरणमा लैजानुभन्दा नाफामुखी मिडियाले पार्नसक्ने प्रभावबाट जोगाउन र हाम्रोजस्तो अल्पसाक्षर देशमा मिडियाको जनहितकारी भूमिका पूरा गर्न यो व्यवसथा उपयुक्त हुनसक्छ ।

समाचार मिडिया उद्योगको मुख्य कच्चापदार्थ हो । यसको उत्पादन र वितरण मिडिया संस्थाहरुकै हातमा हुनुपर्छ । अरु देशमा पनि समाचार संकलन र वितरण गर्ने एजेन्सीहरु मिडिया हाउसहरुले मिलेर चलाएका हुन्छन् । यसैल राष्ट्रिय समाचार समिति (रासस) लाई त्यसको सेवा उपयोग गर्ने मिडिया संस्थाहरूलाई संयुक्त रूपमा जिम्मा दिनु उपयुक्त हुन्छ ।

## अन्य विचारणीय विषयहरु :

संचारको लोकतन्त्रीकरण गर्नको लागि बन्ने टोलीले निम्नलिखित बुदाहरूमा विचार पुर्‍याउनु उपयुक्त हुन्छ । यसमा परेका कतिपय विषयको सम्बन्धमा टोलीको अध्ययनलाई नपर्खी सरकारले तुरुन्तै सम्बोधन गर्नुपर्छ ।

- सरकार, सेना लगायत कुनै पनि राजनीतिक तथा हतियारधारी शक्तिले कुनै पनि मिडिया संचालन गर्न नपाउने व्यवस्था गर्नुपर्छ ।
- रेडियो र टेलिभिजनलाई ठूला मिडिया संस्थाको एकाधिकारबाट जोगाउनका लागि यस क्षेत्रमा अझै उदार नीति र कानुन बन्नुपर्छ । कुनै पनि मिडिया संस्थाको एकाधिकार कायम हुन नदिन उपयुक्त नीति, कानुन बनाउनुपर्छ । मिडिया आतंक जन्मन/हुर्कन नदिने खालका नीत नियम बन्नुपर्छ ।
- विकासका लागि संचारमा जनताको सहभागिता र यसको लागि सामुदायिक संचारको उपयोगिता विश्वभरि साबित भइसकेको हुँदा सामुदायिक संचारको अवधारणा र व्यवहारलाई प्रोत्साहित गर्दै सामुदायिक, जनमुखी मिडियालाई राज्यबाट संरक्षण र सहयोग गर्ने ठोस नीति र कार्यक्रम बन्नुपर्छ ।
- मिडियामा महिला, दलित, जनजाति आदि पाखा परेका वर्ग र समुदायको नीति निर्माण तहमा सभभागिता हुनु आवश्यक छ ।
- दूरसंचार सेवा/व्यवसायमा खुला र स्वच्छ प्रतिस्पर्धा गर्ने नीति र कार्यक्रम तर्जुमा गर्नुपर्छ ।



- ग्रामीण दूरसंचार विकास कोषमा जम्मा भएको रकम गाउँमा मोबाइल फोन पुर्‍याउने काममा उपयोग गर्नुपर्छ ।
- मोबाइल फोनको व्यापक विस्तार गर्नुपर्छर गाउँगाउँमा मोबाइल फोन पुर्‍याउनुपर्छ ।
- ग्लोबल मिडियाको प्रभाव घटाउन स्थानीय र राष्ट्रिय मिडियालाई सक्षम बनाउनुपर्छ ।
- मिडियाको विकेन्द्रीकरण, क्षेत्रीय/स्थानीय मिडियाको विकास गर्ने साना मिडियालाई स्रोतसाधनसम्पन्न बनाउनुपर्छ ।
- फ्रिक्वेन्सी निर्धारण गर्ने प्राविधिक पक्षलाई छाडेर बिना लाइसेन्स हरेक गाविसमा जनताको नियन्त्रण र संचालनमा ३० वाट ट्रान्समिसन क्षमता सम्मको प्रसारण प्रणाली संचालन गर्ने व्यवस्था गर्ने ।
- कुनै पनि मिडियाको उपभोक्ताको तथ्यांक आवधिक रूपमा निकाल्ने र उपभोक्ता संख्याको आधारमा सम्बन्धित मिडियाको विज्ञापन दर कायम गर्ने व्यवस्था गर्ने ।
- श्रमजीवी पत्रकारहरूको व्यावसायिक हकहित, तथा वृत्ति विकासका लागि ठोस, व्यावहारिक ऐन बनाउने ।
- हुलाक सेवालाई आधुनिक र आईटी अनुकूल बनाउनुपर्छ ।

## तुरुन्तै गर्नुपर्ने काम :

- सरकारी स्वामित्वमा भएका मिडिया संस्थाहरूको व्यवस्थापनका लागि तत्काल संयन्त्र बनाउने ।
- केबुल टीभीमा लागू गर्न खोजिएको कन्डिसनल एक्सेस सिस्टम स्थगित गरी उपभोक्तालाई बोझ नपर्ने र केबुल कम्पनीहरूले धान्नसक्ने गरी लागू गर्ने व्यवस्था गर्ने ।
- जनआन्दोलन पछि नेपाल पत्रकार महासंधले प्रस्तुत गरेका माग र सिफारिसहरू कार्यान्वयन हुनुपर्छ ।

# जनताको संचार अधिकार बडापत्र

यो बडापत्रमा हस्ताक्षर गर्ने हामी सबै यो स्वीकार गर्छौं किः

सबै मानिस र मानव समुदायको लागि संचार नभइनहुने कुरा हो । संचारमा भाग लिने, समाजभित्र र समाजहरूबीच कस्तो र के संचार गर्ने भन्ने निर्णय गर्ने अधिकार सबैसँग छ । तर, विश्वका बहुसंख्यक मानिसहरू बाँच्न र संचार गर्नका लागि नभइ नहुने न्यूनतम प्राविधिक स्रोतसाधनबाट बंचित छन् । संसारका आधाभन्दा धेरै मानिसले जीवनमा कहिल्यै टेलिफोनको उपयोग गरेका छैनन् । आमसंचार माध्यमहरू (मिडिया) को व्यापारीकरण भयो र मिडियाको स्वामित्व थोरै मानिस वा संस्थाको हातमा सीमित भयो भने मिडियाले जनहितको पक्षमा काम गर्नसक्तैन । यसले गर्दा प्रजातन्त्रका लागि चाहिने विचारको बहुलता, सांस्कृतिक अभिव्यक्तिको विविधता र भाषिक विविधतालगायत जनताका सांस्कृतिक तथा सूचना र ज्ञानका आवश्यकताहरू मिडियाले पूरा गर्न गराउनसक्तैन । मिडियामा ठूलो मात्रामा तथा व्यापक रूपमा बाहिरी स्वार्थको हस्तक्षेप भयो भने समाजमा गुटबन्दी/ध्रुवीकरण हुन्छ, द्वन्द्वलाई झन चर्काउँछ र मानिसमा डर र अविश्वास हुर्काउँछ जसले गर्दा मानिसहरू झन खतरामा पर्छन् र परनिर्भरता बढ्छ । महिला, दलित, जाति, जनजाति, वृद्धवृद्धाजस्ता व्यक्तिहरूलाई मिडियाले पूर्वाग्रही वा परम्परागत रूपमा प्रस्तुत गर्दा उनीहरूको बारेमा भ्रम वा गलत कुरा फैलिन्छ र अरुमा गलत प्रभाव पर्छ, जसले गर्दा पहिले देखिनै अति हेपिएका वा खतरामा परेकाहरूमाथि दोष/आरोप लाग्ने सम्भावना झन बढ्छ । यस कारण प्रजातान्त्रिक मुलुकहरूमा र अन्तर्राष्ट्रिय कानुनमा संचार अधिकार र दायित्वलाई पालन गराउनका लागि हामी यो बडापत्रलाई वैधानिक मान्यता प्रदान गर्छौं ।

धारा १ः सम्मान

आत्मसम्मान, इज्जत, पहिचान/परिचय तथा अभेदभाव मानवअधिकारका आधारभूत मापदण्ड हुन र यो मापदण्डअनुसारको व्यवहार पाउनु सबैको अधिकार हो ।

धारा २ः स्वतन्त्रता

सरकारी वा व्यापारिक नियन्त्रण नभएको आमसंचार माध्यमहरूमा पहुँच पाउनु सबैको अधिकार हो ।

धारा ३ः पहुँच

आफ्ना अधिकारहरू उपभोग गर्नका लागि स्थानीय र अन्तर्राष्ट्रिय स्रोतसाधनहरू तथा परम्परागत एवं विकसित संचार माध्यमहरूमा सबैको न्यायपूर्ण र समतायुक्त पहुँच हुनुपर्छ । सामान्यतया आफूले बोल्ने र बुझ्ने भाषामा विचार, सूचना र ज्ञान प्राप्त गर्न



पाउनुपर्छ । विभिन्न प्रकारका स्वाद र रुचिअनुसार तयार पारिएका सांस्कृतिक कृति एवं सामग्रीहरू उपभोग गर्न पाउनुपर्छ । साथै मिडियाको स्वामित्व र समाचारका स्रोतहरूबारे जानकारी सजिलैसँग पाउनु हुनुपर्छ । उचित तथा अपरिहार्य कारणको आधारमा मात्र सूचनामा पहुँचमाथि रोक लगाउनसकिने हुनुपर्छ, साथै त्यस्तो रोक केवल अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्डअनुसार वा प्रजातान्त्रिक समाजको रक्षा गर्न वा कसैको आधारभूत अधिकारको रक्षा गर्नको लागि लगाउनसकिने हुनुपर्छ ।

धारा ४ः आत्मनिर्भरता

जनता सहभागी हुने, जनताले योगदान दिने र जनताले नै फाइदा पाउने आत्मनिर्भर संचार संरचना तयार पार्ने जनताको अधिकारलाई कार्यान्वयन गर्नका लागि आत्मनिर्भर मिडियाको विकास गर्न अन्तर्राष्ट्रिय सहयोग; व्यावसायिक मिडिया कर्मीहरूलाई तालिम; आत्मनिर्भर, प्रतिनिधिमूलक संस्थाहरू, पत्रकार, सम्पादक र प्रकाशकहरूको व्यावसायिक संगठनहरूको स्थापना; तथा अन्तर्राष्ट्रिय मापदण्डहरू पालन गर्नु आवश्यक हुन्छ ।

धारा ५ः साक्षरता

सार्वजनिक छलफल बहस तथा संचारमा पूर्ण रूपले सहभागी हुनका लागि चाहिने सूचना र सीप हासिल गर्ने अधिकार सबैसँग छ । यसको लागि पढ्ने, लेख्ने र समाचार सुन्ने सुविधाहरू; मिडियालाई आलोचनात्मक तरिकाले ग्रहण गर्ने चेतना; कम्प्युटर साक्षरता; तथा समाजमा संचारको भूमिकाबारे शिक्षाको आवश्यकता हुन्छ ।

धारा ६ः पत्रकारहरूको संरक्षण

पत्रकारहरूले, खास गरी सशस्त्र संघर्ष भइरहेको क्षेत्रमा, अन्तर्राष्ट्रिय मानवीय कानुनलगायत पूर्ण रूपमा कानुनी संरक्षण पाउने विशेष व्यवस्था हुनुपर्छ । सूचनाका स्रोतहरूसमक्ष उनीहरूले सुरक्षित तथा निर्बाध पहुँच पाउनुपर्छ, तथा आवश्यक परेको बेलामा अन्तर्राष्ट्रिय निकायमार्फत कानुनी उपचार पाउने व्यवस्था हुनुपर्छ ।

धारा ७ः स्पष्टीकरण दिने र क्षतिपूर्ति पाउने अधिकार

मिडियाले दिएको गलत सूचनाको स्पष्टीकरण दिने र गलत सूचनाको कारणले हुने हानी नोक्सानीबापत हर्जाना माग गर्ने अधिकार सबैलाई छ । कुनै समाचारले कसैलाई अन्याय परेको उचित आधार भएमा सम्बन्धित व्यक्तिले सो समाचार तुरुन्तै सुधार्न लगाउने अवसर पाउनुपर्छ । यस्ता भूल सुधारहरूलाई मूल समाचार वा लेखलाई जत्तिकै महत्व दिइनुपर्छ । कुनै सूचना उपलब्ध गराउनेले जानाजानी/नियतवश असत्य वा भ्रामक तथा हानी पुऱ्याउने सूचना दिएको वा त्यस्तो सूचना फैलाउने काममा सघाएको भनी न्यायालयले फैसला

गरेमा सरकारले त्यस्तो प्रमाणित हानीनोक्सानीको क्षतिपूर्ति दिलाउन दण्डसजाय लागू गर्नुपर्छ र भूल सुधार्न लगाउनुपर्छ ।

धारा ८ः सांस्कृतिक पहिचान

आफ्नो सांस्कृतिक पहिचानलाई जोगाउने अधिकार सबैलाई छ। यो अधिकारभित्र मानिसहरूले आफ्नो सांस्कृतिक विकासको लागि गर्ने प्रयासलाई सम्मान गर्ने र उनीहरूले बुझ्ने भाषामा स्वतन्त्र रूपमा अभिव्यक्त गर्न पाउने अधिकार पर्छ। मानिसहरूको सांस्कृतिक परम्परा/स्थल र सम्पदा जोगाउने अधिकारले अरु मानवअधिकारहरू वा यो बडापत्रका प्रवधानहरूलाई अतिक्रमण गर्नु हुँदैन ।

धारा ९ः भाषाको विविधता

सबैसँग भाषाको विविधताको अधिकार हुन्छ । आफ्नै भाषामा आफ्नो कुरा अभिव्यक्त गर्न पाउने र सूचना पाउने अधिकार, सरकारी सहयोगबाट चल्ने शैक्षिक संस्थाहरूमा आफ्नै भाषाको उपयोग गर्न पाउने अधिकार, र आवश्यकताअनुसार अल्पसंख्यकहरूको भाषा उपयोग गर्ने पर्याप्त व्यवस्था गर्न पाउने अधिकार यसभित्र पर्छ ।

धार १०ः नीति निर्माणमा सहभागिता

सूचनाको व्यवस्थापन गर्ने; ज्ञानको विकास र उपयोग गर्ने; संस्कृतिको संरक्षण, सुरक्षा र विकास गर्ने; संचार प्रविधिहरू रोज्ने र लागू गर्ने; तथा मिडिया उद्योगको संरचना र नीति बनाउने बारेमा सार्वजनिक निर्णयमा सहभागी हुने अधिकार सबैसँग छ ।

धारा ११ः बालबालिकाको अधिकार

बालबालिकाहरूसँग उनीहरूको आवश्यकता र रुचि पूरा गर्ने र उनीहरूको स्वस्थ शारीरिक, मानसिक र भावनात्मक विकास गर्ने उद्देश्यले तयार परिएका आमसंचार माध्यमहरू उपयोग गर्न पाउने अधिकार छ । घरमा, विद्यालयमा र खेल्ने, काम गर्ने थलो वा व्यापारिक स्थानहरूमा हानीकारक संचार सामग्रीबाट तथा व्यापारिक र अरु खालका शोषण गर्ने संचार सामग्रीहरूबाट बालबालिकालाई जोगाउनुपर्छ। बालबालिकाहरूका लागि उनीहरूकै भाषामा उच्च गुणस्तरका सांस्कृतिक र मनोरंजनात्मक सामग्रीहरू व्यापक मात्रामा उत्पादन र विवतरण गर्न राष्ट्रले कदम चाल्नुपर्छ ।

धाराः १२ः सूचना प्रविधि/साइबरस्पेस

साइबरस्पेस (इलेक्ट्रोनिक वा कम्प्युटर अर्थात् डिजिटल प्रविधिमा आधारित सूचनाहरू ओसार पसार र भण्डार गर्ने साधन) को समान उपयोग गर्नका लागि विश्वव्यापी पहुँच पाउने सबैलाई अधिकार छ। साइबरस्पेसमा राखिएका निःशुल्क तथा खुला सामग्रीहरूमा उनीहरूको अधिकार, इलेक्ट्रोनिक माध्यमहरूमार्फत उनीहरूको अभिव्यक्ति गर्ने स्वतन्त्रता, तथा उनीहरूमाथि



इलेक्ट्रोनिक उपकरणहरूबाट गरिने जासुसी/निगरानी र हस्तक्षेपबाट जोगिने उनीहरूको स्वतन्त्रतालाई सुरक्षित गरिनुपर्छ ।

धारा १३ः गोपनीयता

सार्वजनिक हितको विषयसँग असान्दर्भिक वा असम्बन्धित आरोपहरू सार्वजनिक गर्ने वा निजी फोटोहरू वा व्यक्तिगत चिठीपत्र वा कुराकानीहरू, वा विश्वासको आधारमा दिइएका जानकारीहरू अनुमतिबिना प्रकाशित, प्रसारित गरिनु हुँदैन । यस्ता कामबाट संरक्षित हुने अधिकार सबैसँग छ । व्यक्तिगत कुराकानीबाट वा कार्यालय/कार्यस्थलबाट वा लेनदेन व्यवहार वा व्यावसायिक कारोबारबाट प्राप्त जानकारी वा सूचना सामग्री तथा तथ्यांक (डाटाबेस) लाई अनधिकृत व्यापारिक वा सामान्य गुप्तचरीको उद्देश्यले उपयोग गर्नु हुँदैन । तर, गोपनीयताको हकले अभिव्यक्ति स्वतन्त्रता वा न्याय सम्पादनमा अनुचित ढंगले हस्तक्षेप नगरोस् भन्ने कुरामा राज्यले ध्यान दिनुपर्छ ।

धारा १४ः हानीनोक्सानी

घृणा, पूर्वाग्रह, हिंसा तथा युद्ध भडकाउने कुराको विरोधमा मिडियालाई सक्रिय रूपले लगाउन माग गर्ने अधिकार सबैसँग छ। हिंसालाई सामान्य, "बहादुरी" वा रमाइलो गर्ने कुराको रूपमा प्रस्तुत गरिनु हुँदैन, तथा हिंसाको वास्तविक परिणाम र हिंसाका विकल्पहरू देखाउनु पर्छ । मानव गरिमा र सम्मानलाई उल्लंघन गर्ने वा नोक्सान गर्ने विभिन्न कुराहरूमध्ये मानिसहरूको जीवनको वास्तविकतालाई बंग्याउने वा विकृत, वा जटिल रूपले, परम्परागत/पूर्वाग्रही ढंगले प्रस्तुत गर्ने कुराहरू पर्छन् । यस्ता कुराहरू हटाइनु पर्छ । लिंग, वर्ण, जात, वर्ग, जनजाति, भाषा, लैंगिक धारणा वा सामाजिक वा अर्थिक हैसियत तथा शारीरिक वा मानसिक अवस्थाको आधारमा मिडियाले कसैलाई पनि व्यंग्य गर्न, समाजमा घृणित रूपले देखाउन/चित्रित गर्न वा अमानवीय रूपले प्रस्तुत गर्न हुँदैन ।

धारा १५ः न्याय

न्यायालयहरूमा चलिरहेका वा विचाराधीन मुद्दाहरू, मुद्दाको सुनुवाइ वा इजलासमा हुने बहसको बारेमा समाचार दिँदा मिडियालाई निश्चित प्रक्रियामा आधारित मापदण्ड पालन गर्न लगाउने अधिकार सबैसँग छ । यसअनुसार कुनै अभियोग वा आरोपको फैसला नभई मिडियाले कसैलाई अपराधी ठान्नु हुँदैन, प्रतिवादीको गोपनीयतामाथि हस्तक्षेप गर्नु हुँदैन, तथा अपराधसम्बन्धी सुनुवाइ चलिरहेको घटना वा दृश्यलाई टेलिभिजनबाट प्रत्यक्ष/उही समयमा प्रसारण गर्नु हुँदैन ।

धारा १६ः उपभोग

उपयोगी र तथ्ययुक्त उपभोग्य जानकारी पाउने र भ्रमात्मक तथा बंग्याइएको सूचना पाउनबाट जोगिने अधिकार सबैसँग छ । समाचार तथा मनोरंजनको खोल ओढाएर प्रस्तुत

गरिने कार्यक्रम (व्यापारिक स्वार्थ लुकेको मनोरंजन, मनोरंजन कार्यक्रमभित्रकै दृश्यमा बिकाऊ सामानहरूको प्रदर्शन वा ती कार्यक्रमका कलाकारहरूले बिकाउने सामानको उपयोग गरेको दृश्य, सामान बिकाउने चरित्र वा खेलौना भएका बाल कार्यक्रहरू, इत्यादि), तथा काम नलाग्ने, अनावश्यक, हानीकारक वा वातावरणीय दृष्टिले हानीकारक बस्तुहरूको माग, अवश्यकता, उत्पादन र गतिविधिहरूलाई बढाउने काम मिडियाले परित्याग गर्नुपर्छ र आवश्यक परेको खण्डमा तिनको भण्डाफोर गर्नुपर्छ । केटाकेटीहरूलाई लक्षित गरेर बनाइने विज्ञापनलाई विशेष गरी सूक्ष्म रूपले जाँच्नुपर्छ ।

धारा १७ः उत्तरदायित्व

मिडियालाई आमजनताप्रति उत्तरदायी बनाउने र यो बडापत्र पालन गर्न लगाउने अधिकार सबैसँग छ । यो उद्देश्य पूरा गर्न मिडियाले यो सहमति पालन भएनभएको अनुगमन गर्न र गराउन स्वअनुशासन वा आत्म नियमनलगायतको संयन्त्र स्थापना गर्नुपर्छ ।

धारा १८ः कार्यान्वयन

यो बडापत्रलाई प्रचारप्रसार गर्न, सकेसम्म धेरै मुलुक तथा अन्तर्राष्ट्रिय कानुनमा यसलाई लागू गर्न, यसमा भएका मापदण्डअनुरूप मुलुकहरू र मिडियाको काम अनुगमन र मूल्यांकन गर्न, यसको उल्लंघनबारे उजुरी सुन्न, उपचारका पर्याप्त उपायहरूबारे सुझाव दिन, तथा यो बडापत्रको आवधिक समीक्षा गर्ने प्रक्रिया बनाउन, यसको विकास र परिमार्जन गर्नका लागि हस्ताक्षरकर्ताहरूको सल्लाह र सहमतिमा, राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्रहरू स्थापना/गठन गरिनेछन् ।

सहायक अन्तर्राष्ट्रिय सन्धिहरू

जनताको संचार अधिकार बडापत्रमा उल्लेख भएका कुराहरू व्यापक तथा विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूमा आधारित छन् । हाल प्रोफेसर सिस हेमेलिंकले तयार पारेको एउटा वेबसाइटमा एउटै साइटमा महत्वपूर्ण सन्धिहरू संकलन गरिएका छन् । तपाईंले तलको वेब ठेगानामा त्यो वेबसाइट हेर्नसक्नुहुन्छ ।

http://www.unesco.org/webworld/com/compendium/sub_content

लेखकका संचारसँग सम्बन्धित विषयका

# प्रकाशित कृतिहरू

पत्रकारको अधिकार र जिम्मेवारी हाते किताब, प्रकाशक मिडिया सर्भिसेज इन्टरनेसनल, काठमाडौं (२०६२)

सूचना प्रविधिको शक्ति र नेपालमा यसको उपयोग, प्रकाशक ड्रिम्स एण्ड आइडियाज, काठमाडौं (२०६०)

सामुदायिक रेडियो (सामुदायको विकासका लागि सामुदायिक रेडियो स्थापना र संचालनका लागि सहयोगी पुस्तक, २०५७)

## सम्पादित पुस्तक:

सशस्त्र द्वन्द्वमा समाचार संकलन, नेपाली पत्रकारहरूको अनुभव प्रकाशक: मिडिया सर्भिसेज इन्टरनेसनल, काठमाडौं (२०६२)

## अनुदित पुस्तक:

सामुदायिक रेडियो हाते किताब, युनेस्कोद्वारा प्रकाशित (२०६१)

वातावरण पत्रकारिता, नेपाल वातावरण पत्रकार समूहद्वारा प्रकाशित (२०४८)

## वेबसाइटहरू:

| | |
|---|---|
| संचार अधिकार केन्द्र : | www.cmr.org.np |
| विनय कसजूका कृति र काम : | www.kasajoo.com |
| बालकथाहरू : | www.balsansar.com |
| थोपाथोपा लघुकथाहरूको वेबसाइट : | www.thopathopa.com.np |
| साहित्य वनमहोत्सव २०५९ : | www.thopathopa.com.np/chitwan |
| मिडिया सर्भिसेज इन्टरनेसनल : | www.msinepal.com |